# माण्डवी गाउँपालिका गाउँसभाको अठारौँ अधिवेशनमा गाउँपालिकाका अध्यक्ष श्री नम राज अधिकारीज्यूले प्रस्तुत गर्नुभएको आर्थिक वर्ष ०८२/०८३ को नीति तथा कार्यक्रम

माण्डवी गाउँपालिका

**माण्डवी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**जस्पुर,प्यूठान**
**लुम्बिनी प्रदेश,नेपाल**
**मिति २०८२/०३/१०**

सम्पूर्ण गाउँसभाका सदस्यहरु,

सम्पूर्ण राष्ट्रसेवक कर्मचारी तथा

उपस्थित सम्पूर्ण महानुभावहरु ।

माण्डवी गाउँपालिकाले हालसम्म हासिल गरेका उपलब्धिलाई संस्थागत गर्दै दिगो शान्ति, सुशासन, विकास र समृद्धिको पाइलातर्फ अग्रसर हुने उद्देश्यका साथ आर्थिक वर्ष २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु । यस अवसरमा नेपाली जनताले पटक-पटक गर्दै आएका जनयुद्ध र जनआन्दोलन लगायत सबै प्रकारका आन्दोलन, त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण गर्दै देश र जनताका निम्ती जीवन उत्सर्ग गर्ने अमर शहिदहरुप्रति उच्च श्रद्धाकासाथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । संघर्षको दौरानमा घाइते, अपाङ्ग, शहिद परिवार, वेपत्ता नागरिक र तिनका परिवारप्रति हार्दिक सम्मान व्यक्त गर्दछु । नेपाली जनताको लामो बलिदानीपूर्ण संघर्षको परिणाम स्वरूप प्राप्त भएको समाजवाद उन्मुख समावेशी संघीय लोकतान्त्रिक गणतन्त्र र उक्त ऐतिहासिक परिवर्तनलाई संस्थागत गरिएको संविधानको मर्म र भावनालाई आत्मसात गर्दै त्यसलाई रक्षा एंव सुदृढ गर्न, प्रत्यक्ष लोकतन्त्रको अभ्यासलाई मजबुत बनाउन, सुशासन, सामाजिक न्याय र समृद्धिको आजको प्रमुख राष्ट्रिय कार्यभार लाई पुरा गर्ने र स्थानीय तहबाट समाजवादको आधार निर्माण गर्ने पूर्ण निष्ठा र इमान्दारीताका साथ गाउँपालिका मार्फत क्रियाशिल रहने दृढ संकल्प गर्दै तत्काल निम्न कार्यहरुलाई प्राथामिकताका साथ अघि बढाउने प्रतिबद्धता व्यक्त गर्दछु । उपलब्ध सिमित स्रोत साधनको अधिकतम उपयोगको लागि प्राथमिकता निर्धारण गरी पूर्वाधार निर्माणको कार्य अघि बढाउने छु ।

गाउँपालिकामा हुने काममा अनियमितता र भ्रष्टाचार हुन नदिई सुशासन, सामाजिक न्याय र समृद्धिको माध्यमबाट माण्डवी गाउँपालिकाको सवै क्षेत्रको विकासलाई जनतासामु पुऱ्याउनेतर्फ प्रस्तुत नीति तथा कार्यक्रम केन्द्रित हुनेछ ।

आर्थिक विकासका निम्ती जिम्मेवार हुँदै रोजगारीको सृजना, खानेपानी, सडक, विजुली तथा सञ्चारको विस्तारलाई सार्थक पहुँच, स्वास्थ्य, शिक्षा विस्तार र निर्माणका साथै स्तरोन्नती,कृषिमा आधुनिकीकरण,आर्थिक विकास,प्रभावकारी सेवा प्रदान सामाजिक न्याय,समानताका लागि पारदर्शी तथा उत्तरदायी (Indicator And Result Based) हुनेछ ।

नेपालको संविधान, सोह्रौं आवधिक योजना, दिगो विकासका लक्ष्य एवम्, संघीय सरकार तथा लुम्विनी प्रदेश सरकारको नीति तथा कार्यक्रम, लुम्बिनी प्रदेशको दोस्रो आवधिक योजनाको अवधारणापत्र, दश वर्षे दीर्घकालीन रणनीतिक योजना, माण्डवी गाउँपालिकाको आवधिक योजना, गाउँपालिका वासिको ईन्छा चाहनाहरु, निर्वाचनका क्रममा लिएको प्रतिवद्धताहरु यस नीति तथा कार्यक्रमका प्रमुख आधारहरु हुन । माण्डवी गाउँपालिकाको अध्यक्षको हैसियतले मेरो कार्यकालमा चौथो पटक आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम, यस गरिमामय गाउँसभा समक्ष प्रस्तुत गर्न पाउँदा म अत्यन्तै गौरभान्वित छु । म जनताको सेवा प्रवाहका लागि दिनरात खटेको छु । जनताको समस्यामा वुझ्न प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा जनताको घरदैलोमा गई त्यहाँको अवस्था वुझेको छु । छिटो छरितो सेवा प्रवाहका लागि हरदम प्रयासरत छु र रहने पनि छु । गाउँपालिकाले गर्ने हरेक निर्णय पक्रियामा समन्वय, सहअस्तित्व र सहकारीतालाई मुल मर्म सम्झिदै जिम्मेवारी वहन गरेको छु । एक वर्षको अवधिमा मलाई हरेक काममा सघाउ पुर्याउने, रचनात्मक सल्लाह सुझाव दिने सम्पुर्ण तह र तप्काका व्यक्तित्वहरु प्रति आभारी छु ।

हाम्रो गाउँपालिका भौगोलिक, प्राकृतिक, ऐतिहासिक, सांस्कृतिक एवं पर्यटकीय महत्वका दृष्टिकोणले प्रचुर सम्भावना भएको पालिका हो । यसैगरी कृषि उत्पादन र पशुपालनमा पनि उत्तिकै सम्भावना रहेको छ । यी क्षेत्रको द्रुत विकासको लागि हाम्रा सामु अझै पनि थुप्रै चुनौतीहरु छन् । आर्थिक तथा सामाजिक क्षेत्रमा पछाडी परेका वर्ग तथा समुदायलाई विकासको मूल प्रवाहमा ल्याउन, उत्पादनशील क्षेत्रमा लगानी वृद्धि गरी रोजगारी सृजना गर्न, कृषि क्षेत्रको आधुनिकीकरण, व्यवसायीकरण र बजारीकरण गर्न, विविधिकरण गर्न तथा पर्यटन विकासबाट रोजगारी सिर्जना गर्न, वन जंगलको संरक्षण गर्दै वातावरणीय सन्तुलनलाई कायम राख्न, भौतिक पूर्वाधारका क्षेत्रमा लगानी बढाउन तथा विकासको अपेक्षित प्रतिफल सबै वर्ग र समुदायमा समान रुपले पुर्याउन, आन्तरिक आयको दायरालाई फराकिलो बनाई आन्तरिक व्यवस्थापनलाई चुस्त र दुरुस्त बनाउन, सुशासन कायम राख्न र संस्थागत सुदृढीकरण गर्ने जस्ता जिम्मेवारी हाम्रो सामु रहेको कुरा स्मरण गराउन चाहन्छु ।

सिमित स्रोत साधनबाट जनताका असिमित आवश्यकता सम्वोधन गर्नूपर्ने वाध्यताका विच विभिन्न प्राकृतिक प्रकोपको समेत सामना गर्नु परिरहेको छ । नेपालको संविधान अनुसार तीन तहको सरकार मध्ये जनताको सबैभन्दा नजिकको सरकार स्थानीय सरकारको बजेट तथा कार्यक्रम आफैले बनाउने यस

गरिमामय सभामा हामी रहिरहदा जनताका विकासका चाहनाका साथै जनताको स्वास्थ्य, सुरक्षा र मानवीय जीवनको रक्षा समेतलाई ध्यान दिई नीति कार्यक्रम र वजेट तर्जुमा हाम्रो प्राथमिकता रहन जाने कुरामा दुईमत रहनेछैन ।

आदरणीय गाउँसभा सदस्य ज्युहरु,

## आर्थिक वर्ष २०८१/०८२ खर्चको सामान्य विश्लेषण

| विनियोजन रकम | प्रतिशत | शिर्षक | प्रतिशत |
|---|---|---|---|
| **४२ करोड ४५ लाख ६ हजार** | ६८.७८ | चालु | ७५.१४ |
| | | पुँजीगत | ५५.६३ |

चालु आर्थिक वर्षको बजेट स्वीकृत गर्दा रु. ४२ करोड ४५ लाख ०६ हजार अनुमान गरिएकोमा हालसम्म आय तर्फ ३६ करोड ५५ लाख ५९ हजार गाउँपालिकाको संचित कोषमा प्राप्त भएको छ । चालु खर्च तर्फ २८ करोड ६० लाख ४९ हजार रुपैयाँ व्यय अनुमान गरिएकोमा हालसम्म रु. २१ करोड ४९ लाख ४५ हजार (७५.१४ प्रतिशत) खर्च भएको छ । पूँजीगत खर्च तर्फ १३ करोड ८४ लाख ५७ हजार रुपैयाँ विनियोजन भएकोमा हालसम्म ७ करोड ७० लाख २८ हजार (५५.६३ प्रतिशत) खर्च भएको छ । हाल सम्मको चालु र पूँजीगत खर्च ६८.७८ प्रतिशत रहेको छ । । गाउँपालिकाको विकास,जनताको चाहाना र आवश्यकता पुरा गर्नका लागि हामी दृढ लक्ष्य र संकल्प लिएर आएका छौं। स्थानिय सरकारले गरेका महत्वपुर्ण गाउँपालिका गौरवका आयोजनाहरु १५ शैयाको अस्पताल निर्माण, विद्यालय भवन निर्माण, चकचके एकचोटे कालीखोला सडक लगायतका आयोजनाहरुलाई सम्पन्न भएका छन । यसरी सम्पन्न भएका आयोजनाहरुलाई यसै वर्ष देखि सञ्चालनमा ल्याईनेछ । गाउँपालिका वासिन्दालाई निरन्तर रुपमा खानेपानी सुविधा उपलव्ध गराउन विभिन्न स्थानमा लिफ्ट खानापानी आयोजना कार्यान्वयन गरिनेछ । अन्य आयोजना तथा कार्यक्रमहरुको समेत समिक्षा गर्दै त्यसबाट राम्रो शिक्षा लिदै हाम्रा आयोजना तथा कार्यक्रमलाई कार्यान्वयन योग्य वनाउन,जनमुखी वनाउन तथा जनताले अपनत्व लिन सक्ने गरि सञ्चालन गरिनेछ । आर्थिक वर्ष २०८२/०८३ नीति तथा कार्यक्रम सफल पार्न

यहाँहरुको अधिकतम सहयोगको अपेक्षा सहित  म माण्डवी गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ का लागि नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

अब म आगामी वर्षको नीति तथा कार्यक्रमका उद्देश्य र प्राथमिकताका प्रस्तुत अनुमति चाहन्छु । निति तथा कार्यक्रमका उद्देश्यहरु देहायबमोजिम छन ।

- उद्यमशीलता विकास र सार्वजनिक तथा निजी लगानी विस्तार गरी रोजगारी सिर्जना गर्ने ।
- सामाजिक संरक्षण एवम् विकासका माध्यमबाट सामाजिक न्याय कायम गर्ने ।
- गुणस्तरिय सार्वजनिक सेवा र सुशासन प्रवर्द्धन गर्ने ।
- प्रतिफल युक्त गुणस्तरिय भौतिक पूर्वाधारमा लगानी विस्तार गर्ने ।
- सामाजिक क्षेत्रमा गुणात्मक सुधार गर्ने ।
- नागरिकमैत्री सेवा भष्ट्राचार नियन्त्रण र शासकीय सुधार गर्ने  ।

क्षेत्रगत नीतिहरुः

१. आर्थिक विकास क्षेत्रः

- स्थानीय साधन, श्रोत र सेवामा जोड दिदैँ पालिकालाई खाद्यान्नमा आत्मनिर्भर बनाउन र तुलनात्मक लाभका क्षेत्रबाट कृषिबाट आम्दानी र रोजगारी बढाउन व्यावसायिक खेति प्रणालीको  प्रबर्धन गरिनेछ ।
- कृत्रिम रसायन, हर्मोन, विषादी प्लाष्टिक उपयोगको मापदण्ड र अनुगमनको व्यवस्था  गरिनेछ ।
- किसान र कृषि उद्यमीको पहिचान, वर्गीकरण गरी राज्यका श्रोत साधन र सेवा सहज बनाउने प्रतिवद्धता गर्दछु ।
- जमिन वाझो नराख्ने नीति लिई बाझो जमिनमा उत्पादन गर्न गाउँमा वस्ने किसानलाई  सहकारीमा आवद्ध गरी  वा पब्लिक कम्पनी बनाएर स्थानीय सरकारको सहजीकरणमा लिजिङ गरी अनुदानको प्रक्रिया मार्फत जमिनलाई बढी भन्दा बढी उत्पादनशिल गराईनेछ ।

माण्डवी गाउँपालिका

- कृषि,पशुपालन तथा दुध तथा मासुमा आत्मनिर्भर हुने र आय आर्जनको मुख्य आधारका रुपमा स्थापित गर्ने रणनीति लिई फलफुल खेती, पशुपालन, वीउ तथा घास उत्पादनमा जोड दिदै विभिन्न स्थानमा सिँचाई कुलो निर्माणका लागि पहल गरिनेछ ।  विपदबाट प्रभावित सिँचाई कुलोहरुको निर्माण कार्य अगाडी वढाईनेछ । यसै आर्थिक वर्ष सुचिकृत कृषकहरुलाई परिचय पत्र वितरण गरिनेछ ।

- स्थानिय उत्पादनमा विशेष जोड दिईनेछ ।  उत्पादित कृषि  उपज प्रशोधन गरिनेछ । साना उद्योगको स्थापना नीति लिईनेछ । किसानलाई पेन्सन कार्यक्रम सुरु गरिनेछ ।

- गाउँपालिका  भित्र स्थापित कृषि सहकारीहरुलाई किसानको उत्पादन खरिद गर्ने र बजारीकरणमा प्रोत्साहन गरिनेछ । सहकारीहरुले अन्य पालिकासंग सम्झौता गर्ने वातावारण तयार गरी स्थानीय उत्पादन विक्री गर्ने वातावरण सृजना गरिनेछ । स्थानीय विशेषताको आधारमा उत्पादन वृद्धि गर्ने, कृषिमा आधारित साना र मझौला उद्योग स्थापना गर्ने तथा सहकारी मार्फत बजारीकरणको प्रकृयाले कृषिमा युवा सहभागी वढ्ने र रोजगारी सृजना हुने वातावरण तयार गरिनेछ ।

- स्थानीय बिउ बैँक स्थापना गरिनेछ ।  मल र बिउमा आत्मनिर्भर हुने कार्यक्रम सञ्चालन गरिनेछ ।

- सहकारी संस्थाहरुको नियमन  गरी खारेजी सम्मको प्रक्रिया अगाडी वढाईनेछ । साथै गरिवी निवारण कोषको रकमलाई सहकारी मार्फत प्रयोगमा ल्याईनेछ ।

- कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरी रोजगारीमा वृद्धि गर्न कृषिमा विविधकरण, व्यावसायीकरण, यान्त्रीकरणमा जोड दिदैँ कृषि कार्यमा लाग्ने समय घटाउन लागत साझेदारीमा कृषक, कृषि समुह वा कृषि सहकारीहरुलाई कृषि यान्त्रिकरणमा दिईएको छ । कृषकले गाउँ गाउँमा उत्पादन गरेको कृषि उपजलाई  उत्पादित स्थलमा गल्न वा सड्नबाट बचाउनका लागि तथा विक्रिवितरण नहुने समस्याबाट राहत पाउनका लागि कृषि उपजको बजारीकरण गर्नका लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

- वडा नं १ लाई अमिलो जातका फलफुल पकेट क्षेत्रको रुपमा विकास गरिनेछ ।  मर्काबाङ कृषि सहकारी मार्फत उत्पादित कृषि उपजको वजारीकरणमा ध्यान दिइनेछ । वडा नं ३ लाई तरकारी, खाद्यान्य पकेट तथा च्याउ पकेट क्षेत्रको रुपमा, वडा नं ४ लाई वाख्रा पकेट क्षेत्रको रुपमा

विकास गरिनेछ । वडा नं ५ लाई मसलावालीको पकेट क्षेत्रको रुपमा विकास गरिनेछ । **एक वडा एक रिचार्ज पोखरी** कार्यक्रमलाई यसै वर्ष निर्माण सम्पन्न गरिनेछ ।

- विगतमा अनुदानमा वितरण गरिएका कृषि यान्त्रीकरण तथा पशुहरुको अवस्थाको अनुगमन गरी सवैको हित अनुकुल प्रयोग गर्ने व्यवस्था गरिनेछ । दुरुपयोग गर्ने लाभग्राहीहरुलाई अनुदान लगायत अन्य सुविधाहरु कटौती गरी हर्जना तिराईनेछ । उत्कृष्ठ प्रयोग गर्ने लाभग्राहीलाई पुरस्कृत गरिनेछ ।
- उत्पादन र रोजगारी वृद्धिका लागि सहकारीलाई अभियानात्मक रुपमा जन सहकारीकारुपमा अघि बढाईनेछ र साथै सहलगानी तथा प्राविधिक सेवा उपलब्ध गराई सामुहिक कम्पनी मोडेलका नमूना उद्यम व्यवसाय (कृषि फर्म,कृषिबस्तुमा आधारित उद्योग,पर्यटन व्यवशाय तथा सुचना प्रविधिमा आधारित) स्थापना र संचलान गर्न कार्य शुरु गरिनेछ ।
- समाजबाद उन्मुख अर्थव्यवस्थाको जग बसांउन समुदाय खासगरी स्थानीय सामुदायिक संगठनलाई कानुनी मान्यता दिन ऐन बनाई कार्यान्वयन गरिनेछ ।
- समाज उन्मुख अर्थव्यवस्थाको नमुना स्वरुप समुदायस्तरमा गरिब,विपन्न तथा सामाजिक रुपले बहिस्करणमा परेका जनसुमदायको विशेष सुरक्षा गर्न स्थानीय सरकारले छुट्टै संयन्त्रको निर्माण गरी कार्यक्रम संचालन गरिनेछ ।
- गाउँपालिकालाई सुकुम्वासी मुक्त पालिका बनाइनेछ ।
- कृषि उपज तथा कृषिजन्य उत्पादनमा आत्मनिर्भरताका लागि उद्यमशिलताको प्रर्वर्द्धन गर्न व्यवसायिक किसानहरुलाई सर्वसुलभ तरिकाबाट गुणस्तरीय विउ,मल, किटनाशक औषधि उपलब्ध गराइनेछ । कृषकलाई अनुदान वितरण गर्दा तालिम लिएर व्यबसायिक कृषि गरिरहेका कृषकलाई छनौट गरिनेछ ।
- फलफुल नर्सरी र वेर्ना रोपणलाई व्यापक रुपमा विस्तार गरी पालिकालाई मौसमी फलफुलमा आत्मनिर्भर गराउने नीति लिईनेछ ।
- गाउँपालिका भित्र रहेका सक्रिया रुपमा सञ्चालनमा रहेका समुह, आमा समुह कृषि सहकारी महिला सहकारीहरुलाई सामुहिक उत्पादनमा जोड्नका लागि विशेष अनुदानको व्यवस्था गरिनेछ । ३ वर्ष सम्म निस्कृय संस्थालाई विघटन गरिनेछ । गाउँपालिकामा सहज ढंगबाट किसानलाई

रासायनिक मल उपलब्ध गराउनका लागि कृषि सहकारीलाई मलको डिपो संचालन गर्ने गरी कार्ययोजना बनाइनेछ ।

- गाउँपालिकामा कृषि समुह वा अन्य समुहहरु तथा व्यक्ति समेतलाई बैंक तथा वित्तिय क्षेत्रले गरेको लगानी उद्देश्य अनुरुप नभएकाले ऋण लगानी गर्ने वित्तिय संस्थाहरुसँग समन्वय गरी लगानीलाई उत्पादनमुलक क्षेत्रमा मात्र लगाउन कडाइका साथ नियमन गरिनेछ ।
- ऐतिहासिक धार्मिक तथा पर्यटकिय क्षेत्र उदयपुरकोट दरबारको संरक्षणका लागि स्थानीय समुदायलाई परिचालन गरी त्यसको विकास र प्रचार प्रसार गरी गाउँपालिकाको प्रमुख प्रयटकीय क्षेत्रको रुपमा विकास गरिनेछ । ठुलीलेखमा पर्यटकीय क्रियाकलाप सञ्चालनमा वढोत्तरी ल्याउन छिमेकी बंगलाचुली गाउँपालिका सँग आपसी समन्वय र साझेदारी गरी यस क्षेत्रको विकास ,रोजगारी सृजना तथा आम्दानीका क्रियाकलाप वढाउने क्रियाकलाप सञ्चालन गरिनेछ ।
- माडी खोलामा जल पर्यटन सम्भावना र सञ्चालनको सम्वन्धमा सम्भाव्यता अध्ययन गरिनेछ । गाउँपालिकाका अन्य पर्यटकिय क्षेत्रहरुको पहिचान तथा विकास गरी आन्तरिक र बाह्य पर्यटकीय गन्तव्यको रुपमा विकास गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।
- गाउँपालिका भित्रको विविधतालाई संरक्षण गर्दै मौलिक घर, स्थानिय खाना, भाषा, संस्कृतिलाई संरक्षण गरि पर्यटकको केन्द्रको हव वनाईनेछ । गाउँपालिकाको आफ्नो मौलिकता र पहिचानमा आधारित स्थानिय बजार निर्माण गरि स्थानिय ज्ञान, सिप, र प्रविधीको प्रयोग गर्दै सांस्कृतिक सम्पदा र युद्ध लगायतका ऐतिहासिक सम्पदाको संरक्षण गरेर तिनिहरुलाई पर्यटनको विकास संग जोडिनेछ ।
- हाम्रो जिल्ला स्वर्गद्धारी पवित्र तपोभुमिको क्षेत्र हो यहाँ थुप्रै आन्तरिक तथा बाह्रय पर्यटकको आगमन र बहिगमन यसै गाउँपालिकाबाट हुने भएकाले ति पर्यटकलाई हाम्रो स्थानीय भाषा कला संस्कृति सहित स्थानीय खानपीन गर्नका लागि सम्भावित स्थानमा होमस्टे संचालन गर्ने गरी अध्ययन सुरु गरिनेछ । माण्डवीको केन्द्र देखि स्वर्गद्धारी सम्म जोड्ने पदमार्गको अध्ययन गरिनेछ ।
- बाँझो जग्गाको एकिकृत तथ्यांक संकलन गरी उक्त जग्गा सुहाँउदो बालि नाली छनौट गरी उत्पादन र उत्पादकत्व वृद्धि गराउन पहल गरिनेछ । गाउँपालिका भित्र तुलनात्मक लाभको क्षेत्र पहिचान गर्न अध्ययन अनुसन्धान सुरु गरिनेछ ।

- यो आर्थिक बर्षेको ३ महिनामा गरिव घर परिवार पहिचान कार्य सम्पन्न गरिनेछ । **गरीवको चुलोमा स्थानीय सरकार** नारा बनाई व्यवहारमा प्रत्याभूति दिलाईनेछ ।
- प्राङ्गारिक खेतीको प्रवर्द्धन गर्न नमुनाको रुपमा **एक प्रारड्ड्गिक टोल निर्माण** गर्न ठोस योजना वनाईनेछ । माटोको उर्वरा शक्तिको दीगो व्यवस्थापन गर्न माटोको अम्लीयपन घटाउन र उत्पादन वृद्धि गर्न प्रारङ्गिक खेतीलाई प्रोत्साहन गरिनेछ ।
- वैदेशिक रोजगारीवाट फर्केका वा देशमै केही गरौ भन्ने हुटहुटी भएका १८ बर्ष देखि ४० बर्ष सम्मका युवाहरुको समुह निर्माण गरी कम्तीमा ५० रोपनी र सार्वजनिक तथा नीजी जग्गाको चक्लाबन्दी गरी पालिकाको प्राविधिक तथा पालिका प्रमुखको नेतृत्वमा कृषि फर्मको विकास गरी सञ्चालन गरिनेछ । एक वर्ष भित्रका **नेपालमै गरे के हुदैंन** भन्ने भनाई व्यवहारमा स्थापित गरिनेछ ।
- पालिकाका नदि किनारका कृषि योग्य जमिनलाई **कृषि कोरीडोरको** रुपमा परिभाषित गरिनेछ ।
- कृषि विमा कार्यक्रम मार्फत आगलागी, डुवान, असिना, खडेरी, अतिवृष्टी अनावृष्टी, भुक्षय,महामारी रोग, किरा लगायत प्राकृतिक प्रकोप तथा बनेलको आक्रमणवाट क्षती व्यहोरेका कृषकको लाभको लागि राहत पाउने व्यवस्था मिलाईनेछ ।
- वन्यजन्तुबाट हुने क्षति न्युनीकरण का लागि तारवार, गेटजाली, सहितको घेरावार लगायत पूर्वाधार निर्माण गरिनेछ ।

**२. सामाजिक विकास क्षेत्रः**

**शिक्षा**

- गुणस्तरीय बालविकास, बालशिक्षा, प्राथमिक वा आधारभुत शिक्षा, माध्यामिक शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षाको रणनीति र कार्ययोजना निर्माणलाई अझ वैज्ञानिक, वस्तुपरक, प्रभावकारी र परिणाम बनाउँदै गुणस्तरीय शिक्षामा सर्वसुलभ पहुँचलाई सुनिश्चित गर्न प्राथमिकता साथ जोड दिईनेछ ।
- असल तथा देशभक्त नागरिक बन्ने दृष्टिकोण निर्माण गर्ने र पालिकाको भुगोल, इतिहास र समाजबारे वैज्ञानिक र प्रगतिशिल पाठ्यक्रम तयार पारी लागु गरिनेछ ।

- सार्वजनिक विद्यालयहरुलाई सर्वसुलभ एवं गुणस्तरीय शिक्षाको केन्द्रको रुपमा विकास गर्न अझ व्यवस्थित र प्रभावकारी ढंगले काम गरिनेछ।
- यसै अवधिमा गाउँपालिकालाई पूर्ण साक्षर बनाई पूर्ण साक्षर गाउँपालिका घोषणा गरिनेछ। हामी निर्वाचित जननिर्वाचित जनप्रतिनिधिहरुले आफ्ना छोराछोरीहरुलाई सार्वजनिक विद्यालयहरुमा पढाउनु पर्ने बातावरण सृजना गरिनेछ ।
- **सामुदायिक विद्यालय रुपान्तरण कार्यक्रम** अन्तर्गत विद्यालय शिक्षालाई प्रविधि मैत्री बनाई शिक्षण सिकाईमा रहेको असमानता कम गर्न र गुणस्तरीय शिक्षमा सबैको पहुँच बृद्धि गर्न **गाउँपालिका एक स्मार्ट विद्यालयको** कार्यक्रम कार्यान्वयन गरिनेछ। विद्यालय संचालन तथा शिक्षण व्यवस्थापन निर्देशिका निर्माण गर्ने यसो गर्दा थोरै विद्यालय, धेरै विद्यार्थी,विद्यार्थीसंग विशेषज्ञ नमुना शिक्षण विद्यालय **मेरो विद्यालय मेरो दायित्व, विद्यालयका लागि मेरो एक दिन** लगायतका शौक्षिक सुधार कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- प्राविधिक तथा व्यवसायिक शिक्षामा जोड दिदै विद्यालयहरुमा अन्तरविद्यालय भ्रमण तथा सिकाई आदान प्रदान कार्यक्रम सञ्चालन गरिनेछ।
- सामुदायिक विद्यालयहरुमा स्मार्ट वोर्ड, ल्यापटप, प्रोजेक्टर जस्ता सूचना प्रविधिको प्रयोग वढाउँदै लगिनेछ।
- स्वच्छ सरसफाई कार्यक्रम अन्तर्गत विद्यालयमा शुद्ध पिउने पानी, बालमैत्री शौचालय, नियमित सरसफाई, प्राथमिक उपचार कक्ष निर्माण जस्ता क्रियाकलापहरु संचालन गरिनेछ।
- संविधानले सुनिश्चित गरेको आधारभुत तह निशुल्क र अनिवार्य शिक्षा कार्यान्वयनका लागि निजी शिक्षकहरुको कार्यविधिअनुसार व्यवस्थापनको कार्य सम्पन्न भएको छ। यसै कार्यलाई थप व्यवस्थित गर्दै लगिनेछ। संस्थागत तथा निजी विद्यालयहरुको नियमन गरी कम्तीमा १० प्रतिशत गरिव र विपन्न विद्यार्थीहरुलाई वडाको सिफारिसको आधारमा निशुल्क पढाउने व्यवस्था गरिनेछ साथै अनाथ बालबालिकाको आधारभूत शिक्षा र स्वास्थ्य उपचारको व्यवस्था मिलाईनेछ।
- शैक्षिक गुणस्तर सुधारका लागि निरन्तर विद्यार्थी मूल्याङ्कन, शौक्षिक सामाग्री तथा भौतिक सुविधाको विस्तार र शिक्षकहरुलाई पुर्नताजगी तालिम उपलब्ध गराइनेछ। विद्यालयको निरन्तर मूल्याङ्कन गरि उत्कृष्ट कार्यसम्पादन गर्ने विद्यालयलाई पुरस्कार तथा न्युन नतिजा ल्याउने विद्यालयलाई सचेत गराई सुधारका लागि निर्देशन दिइनेछ।

- सबैका लागि खेलकुद तथा योग अभ्यासको अवसर सृजना गर्ने,पालिका स्तरमा प्रतिभावान खेलाडीको खोजी गर्ने, विद्यालयका शिक्षक तथा विद्यार्थीलाई खेलकुद तालिम दिने उमेरगत खेलकुद प्रतियोगिता सञ्चालन गर्ने, एक पालिका एक खेलकुद मैदानलाई व्यवस्थित गरिनेछ।
- SEE तथा कक्षा ८ मा A+ ग्रेड सहित गाउँपालिकामा सर्वोत्कृष्ठ हुने सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई पुरस्कृत गरिनेछ।
- दिवा खाजा कार्यक्रमलाई पोषिलो ताजा र गुणस्तरीय दिवा खाजा खान पाउने गरी विद्यालय मै दिवाखाजा वनाउने र वालबालिकालाई खुवाउने गरि निर्देशन  दिइनेछ। दिवा खाजा बनाउँदा स्थानीय उत्पादित बस्तुको प्रयोगमा जोड दिइनेछ।
- विद्यालयहरुको शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित रहेर प्रोत्साहन अनुदान कार्यक्रम वितरण गरिनेछ। गाउँपालिकाको शैक्षिक विकासलाई योजनावद्ध र व्यवस्थित बनाउनका लागि शैक्षिक योजना तयार पारी कार्यान्वयनमा ल्याइनेछ। गाउँपालिका भित्रका सबै सामुदायिक विद्यालयहरुसँग तोकिएको मापदण्डका आधारमा कार्यसम्पादन सम्झौता करार गरी शैक्षिक गुणस्तर वृद्धिमा जोड दिइने छ।
- गाउँपालिकाको आवश्यकताको पुर्ति तथा शैक्षिक विकासको लागि उच्च शिक्षाको प्राविधिक विषयको क्याम्पस, वहुप्राविधिक शिक्षालय र वहुशंकाय क्याम्पस स्थापनाको पहलका लागि सम्भाव्यता अध्ययन गरिनेछ।
- गाउँपालिकाका सम्पूर्ण बालबालिकालाई विद्यालय सम्मको पहुँच स्थापित गर्न विद्यार्थी भर्ना अभियान सञ्चालन गरि गाउँपालिकाका विद्यालय जाने उमेर समुहका सम्पूर्ण बालबालिकाहरु विद्यालय पुर्याउन पहल गरिनेछ । निःशुल्क पाठ्यपुस्तक वितरण तथा जेहेन्दार र गरीब विद्यार्थीहरुका लागि छात्रवृत्तीको व्यवस्था गरी शिक्षामा सवै वालबालिकाको पहुँचको सुनिश्चितता गरिने छ। सामुदायिक विद्यालयका कक्षा १ देखि कक्षा ५ सम्मका बालबालिकालाई अंग्रेजी लेख्न र बोल्न सिकाउन सक्ने गरि शिक्षकलाई तालिम सञ्चालन गरिनेछ।
- प्र.अ.लाई कार्यसम्पादन मूल्यांकनका आधारमा प्रोत्साहन गरिनेछ । प्र.अ. सँग विद्यालयको समग्र भौतिक, शैक्षिक गुणस्तर वृद्धि  गर्ने शर्त सहित करार सम्झौता भए अनुसार सोको मुल्यांकनका आधारमा सम्झौता थप गरिनेछ।

- विद्यालयमा अध्ययन गरिरहेका आर्थिक श्रोत साधन न्युन भएका,पढाइलाई समेत निरन्तरता दिन नसक्ने विद्यार्थीलाई विद्यालयमै आयआर्जन गर्ने गरि पढ्दै कमाउदै भन्ने मान्यताका साथ आयआर्जन गर्ने गरि आर्थिक सहायता दिइनेछ।
- मेडिकल अफिसर (डाक्टर) र इन्जिनियर वन्न योग्यता र क्षमता पुगेका गाउँपालिका भित्रका जेहेन्दार गरिव ,दलित,विपन्न तथा सहीद परिवारका विद्यार्थीलाई प्रत्येक वर्ष २ जनालाई प्रोत्साहान स्वरुप विशेष छात्रबृत्तिको व्यबस्था गरि डाक्टर र इन्जिनियर पढ्न प्रोत्साहान गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।
- शिक्षा क्षेत्रको गुणस्तर अभिवृद्धि गर्न विद्यालयहरुको नक्साङ्कन गरी विद्यार्थी संख्या, भौगोलिक अवस्थिती तथा गाउँपालिकाको शिक्षा नीति अनुरुप दरवन्दी मिलान र विद्यालय मर्ज गर्ने कार्य आगामी आर्थिक वर्ष देखि लागु गरिनेछ।
- प्राविधिक धार तथा नमुना विद्यालयहरुमा **एक विद्यालय एक नर्स कार्यक्रम** कार्यान्वयन गरिनेछ।
- स्थानीय प्रशासन, शिक्षा, स्वास्थ्य, पर्यटन र सामाजिक विकासको क्षेत्रमा योग ध्यान र स्वजागरणका मौलिक र वैज्ञानिक पद्धतीलाई मुल प्रवाहीकरण गरी स्वस्थ्य र नैतिकवान समाज निर्माण गर्न पालिकास्तरमा योग र ध्यानको स्वजागरण अभियान संचालन गरिनेछ।
- नेपाल रेडक्रस,स्काउटलाई गाउँपालिका भित्रका पाचै बटा माध्यामिक विद्यालयहरुमा विस्तार गरिनेछ।
- विद्यालयमा परिणाममुखी बनाउन नमुना विद्यालयको छनौट गरी अभिभावकसंगको परामर्श तथा सहभागितामा ८ देखि १० कक्षा सम्मका विद्यार्थीलाई छात्रवासको व्यवस्था गरिनेछ।
- शिक्षकको क्षमता वृद्धि, शिक्षक व्यवस्थापन, विद्यालय व्यवस्थापन समितिलाई सबलीकरण, अभिभावकको विद्यालयमा सहभागिता बढाउने र शिक्षक विद्यार्थी बिचको सम्वन्धलाई सुदृढ बनाउने विशेष कार्यक्रम ल्याईनेछ।
- विद्यालयहरुमा व्यवहारीक तथा मानसिक रुपमा हुने छुवाछुत अन्त्य गरी लैङ्गिक समानता हुने वातावरण सृजना गरिनेछ।

- विद्यार्थीलाई खेतिपाती कसरी गर्ने ? आफ्नो जङ्गलमा जडिवुटी के के पाइन्छ ? आफ्नो नजिकको खोलामा माछा कसरी समाउने ? विद्यालय भित्र करेसा बारी र फलफुल लगाउने, विद्यालयमा जङ्कफुडको अषर र घरेलु खाजाको फाईदा जस्ता विषयहरु स्थानिय सन्दर्भ र परिवेशको आधारमा स्थानिय पाठ्य पुस्तक परिमारिर्जन गरिनेछ।
- विद्यार्थीहरुमा जङ्क फुडको असरबारे सचेततामुलक कार्यक्रम सञ्चालन गरिनेछ । घरेलु उत्पादित वस्तुको प्रयोगमा जोड दिदैँ खाजामा रुपमा प्रयोग हुने जङ्कफुड पूर्ण रुपमा निषेध गरिनेछ।

**स्वास्थ्य**

- आम जनताको स्वास्थ्यलाई उच्च प्राथमिकताको विषय बनाउदैँ स्वास्थ्य संस्थाहरुमा २४ घण्टा आपतकालिन स्वास्थ्य सेवा उपलब्ध गराउने व्यवस्था मिलाईनेछ। जेष्ठ नागरिक, अपाङगता भएका व्यक्ति र सुत्केरी हुने महिलाहरुलाई निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराईनेछ साथै नियमित घर घरमा स्वास्थ्य परिक्षण सेवा सञ्चालन गरिनेछ।
- जलवायु परिवर्तन लगायतका अन्य परिवर्तनहरुले जनस्वास्थ्यमा पारेको प्रभाव, महामारी, नसर्ने रोगहरुको फैलावटबाट जनस्वास्थ्यमा बढ्दै गएको खतरालाई कम गर्न प्राथामिक स्वास्थ्यलाई सवलीकरण गर्दै लगिनेछ । स्थानीय निकायको स्वास्थ्यसेवालाई भरपर्दो, विश्वसनिय र सामुदायिक जनस्वास्थ्य प्रणालीको रुपमा विकसित गरिनेछ।
- जनस्वास्थ्य सम्बन्धी विषयहरुमा जन जागरण कार्यक्रमहरु सञ्चालन गरिनेछ । स्थानीय परम्परागत चिकित्सा सेवा र उपलब्ध स्थानीय जडिबुटीहरुको प्रयोगबाट हुने स्वास्थ्य लाभको उपयोग बारेमा पनि जनचेतना अभिवृद्धि कार्यक्रम चलाईनेछ।
- योग ध्यानलाई योग्य प्रशिक्षकहरुद्धारा वैज्ञानिक रुपमा प्रशिक्षण शिविरहरु सञ्चालन गराई दैनिक जीवन अभ्यासको विषयको रुपमा अघि बढाउन सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ।
- औषधि, उपकरण, प्रविधि र दक्ष स्वास्थ्य कर्मीहरु सहितको प्रभावकारी एवम् जवाफदेही पुर्ण स्वास्थ्य सेवा प्रणालीको विकास गरिनेछ।

- स्वास्थ्य सेवाको पहुँच आम नागरिकमा सुनिश्चित गर्न विभिन्न टोलमा सामुदायिक स्वास्थ्य इकाई गठन गरिनेछ। वृद्ध, वृद्धाका लागि घरदैलो सेवा पुर्याईनेछ।
- निशुल्क स्वास्थ्य विमा कार्यक्रम कार्यान्वयन भएकोमा आमनागरिलाई स्वतस्फुर्त स्वास्थ्य विमा गर्न तथा नवीकरण गर्न जागरुक जगाउन अभियान सञ्चालन गरिनेछ।
- स्वास्थ्य सेवामा नागरिकको सहज र सरल पहुँच स्थापित गर्नका लागि भौगोलिक रुपमा दुर्गम रहेका बस्तिहरुमा सामुदायिक स्वास्थ्य इकाइहरुको क्रमश क्षमता विकास गर्दै लगिनेछ । स्वास्थ्य चौकी तथा सामुदायिक स्वास्थ्य इकाईबाट प्रदान गरिने खोप सेवा,सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य, पोषण लगायतका जनस्वास्थ्य सेवाहरु र उपचारात्मक सेवाको लागि आवश्यक औषधी,उपकरण तथा स्वास्थ्य सामग्रीको लागि आवश्यक बजेट व्यबस्था गरिनेछ।
- स्वास्थ्य क्षेत्रबाट प्रदान गरिने खोप, सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य, पोषण जस्ता जनस्वास्थ्यसँग सम्बन्धित आधारभुत सेवा सुविधालाई प्रभावकारी बनाउन महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुलाई परिचालनमा उत्प्रेरित गर्नका लागि मासिक रु २००० प्रोत्साहन भत्ता तथा मासिक बैठकमा आउदा बैठक भत्ताको व्यबस्था र मासिक संचार सुविधालाई निरन्तरता दिइनेछ।
- बहुक्षेत्रीय पोषण कार्यक्रम मार्फत सुनौला हजार दिनका आमा र बच्चालाई केन्द्र विन्दुमा राखेर पोषणका कार्यक्रम सञ्चालन गरिनेछ । स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार, पोषण, खोप, भिटामिन कार्यक्रम संचालन गरी रोग लाग्न नदिने निवारणात्मक उपाय अवलम्वन गरीनेछ । गाउँपालिकामा भएको नागरिक आरोग्य केन्द्रले दिने सेवाको सम्बन्धमा सम्पुर्ण नागरिकलाई प्रचार प्रसार गरिनेछ । सकारात्मक सोच, योग ,ध्यान र प्रणायामको माध्यमबाट नागरिकलाई मानसिक रुपमा स्वस्थ्य वनाउने कार्यक्रम संचालन गरिनेछ।
- ६ वटा स्वास्थ्य संस्थाहरु तथा वर्थिङ सेन्टरहरुबाट २४ सै घण्टा प्रसुती सेवा उपलब्ध गराउने व्यवस्था मिलाईनेछ । वर्थिङ सेन्टरहरुमा आबश्यक पर्ने सामग्री तथा उपकरणको व्यबस्था गरिनेछ।
- आयुर्वेद पद्धतीको प्रभावकारी कार्यान्वयन गर्नको लागि उपयुक्त संरचनाको विकास र विस्तार तथा स्थानीय जडीवुटीमा आधारित औषधि तयार गरी प्रयोग तथा वितरण गर्ने नीति लिईनेछ।

- गाउँपालिकाले घरमा हुने सुत्केरीलाई शुन्य बनाउनका लागि गर्भवती आमालाई स्वास्थ्य संस्था सम्म ल्याउन निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउँदै आएकोमा आगामी आ.व. मा पनि निरन्तरता दिईनेछ। गाउँपालिकामा भिडियो एक्सरे तथा एक्सरे सेवा व्यवस्थित रुपमा सञ्चालन गर्दै लगिनेछ। यस सेवाबाट नागरिकले बढी भन्दा बढी फाइदा लिने गरि यो सेवाको प्रचार प्रसार गर्ने तथा आवश्यक पर्ने जनशक्तिलाई तालिमको व्यबस्था गरिनेछ । स्वास्थ्य चौकीहरुमा संचालनमा रहेको ल्याव सेवालाई सुदृढीकरण गरिनेछ।
- महिला, किशोरी र बालबालिकामा हुने कुपोषणको अबस्थामा सुधार ल्याउन बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनलाई उच्च प्राथमिकतामा राखिने छ । गाउँपालिकामा कुपोषण अन्त्यका लागि सवै क्षेत्रहरुको सहभागिता र क्रियाशिलतालाई आत्मसाथ गरिनेछ। देविस्थान स्वास्थ्य चौकीबाट अधिक र मध्ययम कुपोषण भएका बालबालिकालाई उपचारार्थ बहिरंग उपचार केन्द्रको स्थापना गरि सेवा उपलब्ध गराइनेछ।
- माण्डवी गाउँपालिका आधारभूत अस्पताललाई आवश्यक पर्ने अत्यावश्यक पर्ने श्रोत र साधनको व्यवस्था गरी डाक्टर सहितको सेवा यसै वर्ष देखि सञ्चालन गरिनेछ। माण्डवी वासी आम जनतालाई स्वास्थ्य विमासंग आवद्धता गर्न अस्पताललाई स्वास्थ्य विमाको प्रथम विन्दुको रुपमा यसै आर्थिक वर्ष देखि स्वास्थ्य विमा वोर्ड संग सम्झौता गरी कार्यान्वयन गरिनेछ ।

**महिला, वालवालिका तथा ज्येष्ठ नागरिक**

क) महिला अधिकार,बाल अधिकार,छुवाछुत लगायतका भेदभावमुक्त पालिका निर्माणका लागि आवश्यक नीतिगत, काननी प्रबन्धका गरि बिशेष डेस्कको स्थापना गरिनेछ।

ख) प्रत्येक वडामा क्रमशः जेष्ठ नागरिक भवन वनाई जेष्ठ नागरिक अनुभव आदान प्रदान गर्ने वातावरण मिलाईनेछ।

ग) **"घर घरमा उन्नत प्रविधिः महिलाको समुन्नती"** कार्यक्रम संचालन गरि महिलालाई उद्यमि वनाउनका लागि विभिन्न किसिमका उद्यमशिलता तालिम र उद्यम संचालनका लागि अनुदान दिइनेछ । महिला संजाललाई सक्रिय वनाई महिलाको हक हित र संरक्षणमा नेतृत्व गर्ने गरि विकास गरिनेछ।

घ) गाउँपालिकाको नीति निर्माण र कार्यान्वयनमा महिलाको समान सहभागिता तथा प्रतिनिधित्वमा वढोत्तरी गरी लैङ्गिक समानता प्राप्तिका लागि पुरुषको समेत सहभागि वृद्धि गरिनेछ ।

ङ) विकास निर्माणका कार्यमा महिला सहभागिता सुनिश्चित गर्न प्रत्येक वडामा कम्तिमा एउटा योजनाको उपभोक्ता समिति महिलाहरुमात्रै समावेश गरी गठन गरी विकासमा महिला ईमान्दारीता पारदर्शिता र सुशासनमा पहिला कार्यक्रम सञ्चालन गरिनेछ ।

च) बालबालिका माथिको दुर्व्यवहार महिला हिंसा मानव बेचविखन बलत्कार छुवाछुत लागु पदार्थ दुव्यर्सन, बाल विवाह, आत्महत्या जस्ता बिकृति हटाउनका लागि नागरिक सचेतना कार्यक्रम गर्ने तथा कानुनको प्रयोगमा कडाई गर्ने नीति लिईनेछ ।

छ) अभिभावक विहिन असहाय अपाङ्गता भएका बालबालिका तथा अशक्त वेवारिसे हिंसा पिडित तथा सडक बालबालिकाको उद्धार र संरक्षणको व्यवस्था गरिनेछ ।

ज) जेष्ठ नागरिक निशुल्क आँखा उपचार कार्यक्रम सम्पुर्ण जेष्ठ नागरिकले प्राप्त गर्न सक्ने गरि प्रचार प्रसार गरिनेछ । ७० वर्ष भन्दा माथिका जेष्ठ नागरिकलाई जिल्ला अस्पताल सम्म उपचार गर्न लैजाँदा गाउँपालिकाको एम्बुलेन्सबाट निशुल्क सेवालाइ निरन्तरता दिइनेछ ।

झ) ज्येष्ठ नागरिक मिलनकेन्द्रलाई व्यवस्थित गरी सञ्चालनमा ल्याईनेछ । योजना तर्जुमा देखि कार्यान्वय सम्म ज्येष्ठ नागरिकहरुको अनुभव र सीपलाई प्रयोग गर्न सल्लाहकारको रुपमा सहभागि गराउने व्यवस्था गरिनेछ ।

ञ) जेष्ठ नागरिकको सम्मान हेरचाहमा परिवार र समाजको भुमिका विषयमा कार्यक्रम संचालन गर्ने अशक्त दिर्घ रोगीहरुलाई घरमा गई नियमित स्वास्थ्य परिक्षणको व्यवस्था गरिनेछ ।

ट) ऐतिहासिक तथा धार्मिक स्थल, स्थानीय भाषा, धर्म, संस्कृतीको संरक्षण र सम्वर्द्धन गर्ने नीति लिईनेछ । गाउँपालिकामा रहेका दलितहरुको सँजाल गठन गरि छुवाछुत र भेदभावको अन्त्य गरि सामाजिक सम्मान सहित बाच्न पाउने अधिकारलाई सुनिश्चत गर्न दलित लक्षित विषेश कार्यक्रम संचालन गरिनेछ । गाउँपालिकामा परम्परागत गीत संगितको संरक्षण गर्ने नीति गाउँपालिकाले लिईनेछ ।

ठ) समावेशी र सन्तुलित विकास माण्डवीको पहिचान महिला, बालबालिका, जेष्ठ नागरिक, अपांग, दलित, आदिवासी जनजाती समुदाय लक्षित कार्यक्रम संचालन गरी लैंगिक समानता तथा सामाजिक समावेशिकरणमा जोड दिइनेछ । टोल विकास संस्थाहरुलाई परिचालन गरि घरेलु

हिंसा,बालविबाह,बहुविबाह र छुवाछुत अन्त्यका लागि बहस,पैरवी तथा चेतनामुलक अभियान संचालन गरिनेछ।

ङ) दलित र महिला तथा लक्षित वर्गको लागि विशेष निति ल्याईनेछ।

ढ) पालिकालाई बाल बिबाह मुक्त पालिका घोषणा गर्ने लक्ष्य राखि कार्यक्रम अगाडी बढाउनेछ। विद्यालयमा किशोरी आत्मरक्षा तालिम संचालन गरिनेछ।

ण) ५ वटै वडामा गठन भएका महिला सहकारीहरु तथा अन्य सहकारीहरुको संस्थागत क्षमता विकास तथा आय आर्जन गर्नका लागि सहकारी सम्बन्धि तालिमहरु संचालन गरिनेछ ,महिला सहकारीले उत्पादन गरेका स्थानीय उत्पादित बस्तुको वजारीकरणका लागि गाउँपालिकाले सहजीकरण गर्ने नीतिलाई निरन्तरता दिईनेछ।

**खानेपानी तथा सरसफाई**

क) गाउँपालिकाले खानेपानी योजना सञ्चालन गर्दा खानेपानी उपलब्धताको अवस्थालाई मध्यनजर गर्दे **एक घर एक धारा**को निति अवलम्बन गरि खानेपानी संरचनाको निर्माण र संचालन गरिनेछ।

ख) वडा नं १ सिमलचौरमा लिफ्ट खानेपानी आयोजना सञ्चालन गर्न सम्भाव्यता अध्ययन सुरु गरिनेछ।

ग) गाउँपालिकाका सवै जनालाई शुद्ध खानेपानी सुविधाको सुनिश्चितताका लागि प्रदेस सरकार तथा केन्द्र सरकार सँग खानेपानीका बृहत आयोजनाहरु माग गरिनेछ। पानीको शुद्धताका लागि आधारभुत स्तरको पानीको गुणस्तर परिक्षण गरिनेछ।

घ) खानेपानीका श्रोतहरु क्रमश घट्दै गइरहेको अवस्थामा श्रोतको संरक्षणलाई विशेष प्राथमिकतामा राख्दै बृक्षारोपण तथा मुहानमा तारवार लगाई खानेपानीका मुहानहरुको संरक्षण गर्ने नीति गाउपालिकाले लिनेछ। गाउँपालिका अन्तर्गतका सवै खानेपानीका श्रोतको पहिचान गरी डि पि आर तयार गरिनेछ।

ङ) खानेपानीको चरम अभाव भएका विद्यालयहरुमा शुद्ध खानेपानीको व्यबस्था गर्न प्राथमिकताका साथ कार्यक्रम संचालन गरिनेछ। खानेपानीको धारा शौचालय निर्माण गर्दा बालमैत्री संरचना निर्माणमा ध्यान दिइनेछ।

च) गाउँपालिका अन्तर्गतका सम्पुर्ण विद्यालयहरुमा विद्यालय खानेपानी सरसफाई तथा स्वच्छता योजना लागु गरिनेछ, विद्यालयलाई पुर्ण सरसफाई युक्त विद्यालय सुनिश्चित गरिनेछ।

**फोहरमैला ब्यवस्थापन**

क) वजार ईलाका लाई सफा र सुन्दर राख्न फोहोरमैला विसर्जन कार्यलाई प्रभावकारी वनाउन उपययुक्त स्थानमा डम्पिङ साईड निर्माण गरी प्रयोगमा ल्याईनेछ। फोहोर मैला उठाउने कार्यलाई प्रभावकारी वनाउँदै कुहिने र नकुहिने फोहर छुट्याई निजी क्षेत्रको सहभागितामा फोहोरमैलाबाट वायोग्यास र प्रारङ्गिक मल उत्पादन गर्ने नीति लिईनेछ।

ख) माण्डवी गाउँपालिका वडा नं ३ जस्पूर वजारलाई फोहरमुक्त, स्वच्छ सफा एवम् हरियालीयुक्त वनाई व्यवस्थित वजार निर्माण गरिनेछ।

ग) सवै सार्वजनिक स्थल र सामुदायिक भवनहरुमा अपाङ्गता र विशेष अवस्था भएका व्यक्तिहरुलाई समेत मध्यनजर गरेर सार्वजनिक शौचालयको निर्माण गरिनेछ।

घ) सार्वजनिक स्थलहरुमा आवश्यकता अनुसार फोहोर उठाउने डस्टविनहरु राखिनेछ। फोहोरमैला र यसका असर सम्वन्धी जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ।

**युवा तथा खेलकुद**

क) गाउँपालिकाको नीति कार्यक्रम निर्माण एवम् योजना अनुगमन कार्यमा युवा सहभागिता वृद्धि गर्दै विकास निर्माणमा युवाहरुलाई परिचालन गर्न युवा स्वयंसेवक कार्यक्रम सञ्चालन गरिनेछ।

ख) युवामा उद्यशिलता विकास गर्नका लागि स्वदेश तथा विदेशको वजारको माग अनुसार व्यवसायिक तथा प्राविधिक तालिम सञ्चालन गरिनेछ।

ग) युवाहरुलाई लागुपदार्थ दुर्व्यसन नियन्त्रण, मद्यपान, धुम्रपान सेवन नियन्त्रण गर्न चेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ।

घ) वैदेशिक अध्ययन तथा रोजगारीबाट आर्जन भएको पुँजी ज्ञान सीप प्रविधि र अनुभवलाई स्वदेशमा नै उत्पादनमुलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्दै युवा स्वरोजगार कार्यक्रम सञ्चालन गरिनेछ।

ङ) गाउँपालिकाले यस वर्ष दीगो रोजगारी सिर्जना तथा प्रवर्द्धनलाई उच्च प्राथमिकता राखेर “मिसन रोजगारीः दिगो रोजगारी र उद्यमशिलता प्रवर्द्धन अभियान” सञ्चालन गरिनेछ। यस अभियान

अन्तर्गत हाल सञ्चालन भईरहेका सीप विकास, उद्यमशिलता प्रवर्द्धन श्रम वजार व्यवस्थापन, लगानी अभिवृद्धि कार्यक्रम लगायतका रोजगारी र उद्यमशिलतासँग सम्वन्धित कार्यक्रमहरुलाई एकिकृत गरेर मिसन रोजगारी अभियान अन्तर्गत नै निरन्तरता दिईनेछ । रोजगारी सृजनाका क्षेत्रको पहिचान, उद्यमशिलना प्रवर्द्धन वैदेशिक रोजगारीबाट फर्केका युवाको सीप सदुपयोग तथा श्रम वजार अनुकूल सीप विकास कार्यक्रमहरुको निर्माण र कार्यान्वयन गरिनेछ । यस मार्फत गाउँपालिकाले श्रम सीप रोजगारिको दिगी चक्र निर्माण गर्दै उत्पादनशीलता र आर्थिक समुन्नतीको नयाँ आधार तय गरिनेछ ।

च) श्रम बजारको माग, उपलब्ध स्रोत र जनशक्ति, रोजगार प्रवृत्तिको अध्ययन गरी नगर /गाउँ" नग/निर्माण गरिनेछ । गाउँ "रोजगारी रणनीतिरपालिकाले आफ्नै भूगोल, स्रोत, आवश्यकता र मागको विश्लेषण गरी गाउँनगरपालिकामा रोजगारीको क्षेत्रमा रहेका अवसर तथा सम्भावनाको - पहिचान, समस्याहरूको निदान र रोजगारी सिर्जनाका नवीनतम उपाय एवं विधिहरूको विकास गर्न रोजगार रणनीति तयार गर्नेछ ।

छ) उद्यमशीलता, श्रम बजार अध्ययन तथा सिप विकासः उद्यमशीलता विकास लाई स्थानीय रोजगारी सिर्जनाको मुख्य आधार मान्दै स्थानीय स्रोत, सीप र सन्दर्भ अनुकूल लघु तथा घरेलु उद्योग, स्टार्टअप र नवपर्वतनशील उद्यमलाई प्रवर्द्धन गर्ने नीति तथा संरचना विकास गरिनेछ । नागरिकलाई उद्दमी बनाउन र अवसरसँग जोड्नको लागी व्यवसायको संवर्धन र उद्यमहरूको द्रुतीकरण मार्फत नवप्रवर्तन, वित्त र प्रविधिमा पहुँच, बजार विस्तार, आम्दानी वृद्धि जस्ता विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ । सिप विकास र तालिमपछिको अवसरको लागि रोजगारदाता तथा तालिम प्रदायक संस्थाहरू र तहगत सरकारहरूसँग समन्वय तथा सहकार्य गरिनेछ ।

ज) सबैका लागि खेलकुद तथा योग अभ्यासको अवसर सृजना गर्ने, पालिका स्तरमा प्रतिभावान खोजि गर्ने, विद्यालयका शिक्षक तथा विद्यार्थिलाई खेलकुद तालिम दिने उमेरगत खेलकुद प्रतियोगिता संचालन गर्ने **एक वडा एक खेलकुद मैदान**लाई व्यवस्थित गर्दै लगिनेछ ।

झ) स्थानीय स्तर देखि खेलकुद प्रतियोगिता सञ्चालन गर्दै प्रतिभावन खेलाडीको पहिचान विकास तथा प्रोत्साहन गरिनेछ । प्रदेश र राष्ट्रको गौरभ राख्न सफल खेलाडीहरुलाई सम्मान एवम् पुरस्कृत गरिनेछ ।

ञ) योग तथा ध्यान मार्फत युवाहरुमा सकारात्मक सोचको विकासको लागि योग तथा ध्यान शिविर सञ्चालन गरिनेछ । प्रत्येक वडामा योग तथा ध्यान प्रशिक्षण केन्द्र स्थापना गरिनेछ ।

ट) सार्वजनिक प्रशासनमा पहुँच अभिवृद्धि गरी रोजगारी सिर्जना गर्न गाउँपालिकामा वसोवास गर्ने सम्पूर्ण युवाहरुलाई लक्षित गरी **निशुल्क लोक सेवा कक्षा सञ्चालन** गरिनेछ ।

**अपाङ्गता भएका ब्यक्तिहरु**

क) गाउँपालिका मातहत निर्माण हुने भौतिक संरचना, पुर्वाधार तथा यातायातका साधनहरु अपाङ्गमैत्री वनाई सहज हुने वातावरण निर्माण गरिनेछ ।

ख) अपाङ्गता भएका व्यक्तिहरुलाई सरकारी र निजी क्षेत्रमा रोजगारीको अवसर वृद्धि गर्न समावेशी नीति अवलम्वन गर्दै लगिनेछ ।

ग) अपाङ्गता भएका व्यक्तिहरुलाई गरिने विभेद र हिंसाको न्युनीकरण गर्ने कार्यक्रम संचालन गरिनेछ । अपाङ्गता भएका व्यक्तिहरुको तथाङ्कलाई अद्यावधिक गर्दै **'ग'** र **'घ'** वर्गका अपाङ्गता भएका व्यक्तिलाई स्वरोजगारमुलक कार्यक्रममा जोड दिइनेछ ।

घ) कृषि वन र पर्यटन, विज्ञान र प्रवृद्धि संग जोडेर रोजगारी सृजना हुने बातावारण सृजना गरिनेछ । रोजगारीमा सहिद परिवार, वेपत्ता परिवार, घाइते अपाङ्गलाई पहिलो प्रथामिकता दिइनेछ ।

**सामाजिक सुरक्षा तथा संरक्षण**

क) सामाजिक न्याय सहितको समृद्धि वा समाजवाद उन्मुख समृद्धि को नतिजामूलक नमुना क्षेत्रको विकास गर्न योजनाबद्ध रुपमा पहल गरिनेछ ।

ख) परम्परात रुपमा सञ्चालनमा हुँदै आएको आरन पेशालाई जोगाउन तथा आरन पेशालाई व्यवसायिक र थप परिस्कृत गर्न **एक वडा एक व्यवस्थित आरन**को व्यवस्था गरिनेछ ।

ग) कला, संस्कृति र मनोरञ्जनको माध्यम मानिने पञ्चेवाजा जोगाउन वडा नं २ मा पञ्चेवाजा तालिम प्राप्त गरेका समूहलाई पुर्न ताजकी तालिम तथा प्रविधि सहयोग गरिनेछ । माण्डवी गाउँपालिकालाई पञ्चेवाजाको हवको रुपमा विकास गर्दै रोजगारी र व्यवसायिकतासंग जोडिनेछ ।

घ) सामाजिक विकास र सशक्तिकरणका लागि गाउँपालिकामा गठन भएका अपाङ्ग संजाल, जेष्ठ नागरिक संजाल बालबालिका संजाल संग समन्वय गरि संजालहरु मार्फत शसक्तिकरण कार्यक्रम संचालन गरिनेछ, जेष्ठ नागरिक तथा अपाङ्ग परिचयपत्र वितरण अभियान संचालन गरिनेछ ।

ङ) गाउँपालिकामा अनैतिक क्रियाकलापलाई नियन्त्रण गरि समाजवादी दिशा तर्फ हुने आधार तयार गरी सामाजिक न्याय र सुरक्षामा आधारित समाजको दिशा तय गरिनेछ ।

च) गाउँपालिकामा स्थायी वसोवास गर्ने विपन्न अशक्त ज्येष्ठ नागरिक आर्थिक स्थिती कमजोर भएका व्यक्तिहरु दिर्घरोगीहरुलाई स्वास्थ्य उपचारका अन्य सामाजिक सुरक्षा कार्यक्रमका लागि वजेट विनियोजन गरिनेछ।

छ) जिल्ला शान्ति समितिबाट प्रमाणित जनयुद्ध तथा लोकतन्त्र प्राप्तिका लागि शहिद व्यक्तिका परिवारकालाई मासिक रु २००० भत्ता दिने कार्यलाई निरन्तरता दिईनेछ।

ज) सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमलाई टोलस्तरमा वितरण गर्दै आएको कार्यलाई निरन्तरता दिईनेछ।

झ) व्यक्तिगत घटना दर्ताको पूर्णता मापन सम्बन्धी कार्यविधि निर्माण गरीवर्षमा व्यक्तिगत ३आगामी , घटना दर्ताको पूर्णता मापन गरी घोषणा गरिने छ।

ञ) युवा परिषद्को गठन गरी युवा परिचालनको माध्यमबाट गाउँपपालिका केन्द्र देखि गाउँपालिकाको वडाको विभिन्न स्थानमा गाउँबस सञ्चालन गर्न कार्यविधि बनाई प्रक्रिया अगाडी वढाईनेछ ।

ट) दलित समुदायको अधिकार संरक्षण र प्रवर्द्धन गर्न विभिन्न सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ।

ठ) गाउँपालिका भित्रका शहिद परिवारलाई उत्पानदनमुलक कार्यमा लागत साझेदारीमा जीविकोपार्जनको लागि स्वरोजगारमुलक कार्यक्रम सञ्चालन गरिनेछ।

**संस्कृति, साँस्कृतिक,धार्मिक सम्पदा संरक्षण तथा प्रर्वद्वन**

क) धर्म, भाषा, संस्कृति, कला, साहित्य र मौलिक परम्पराको विकासमा उल्लेखनिय योगदान गर्ने व्यक्तित्वहरुको नामवाट निर्मित संरचनाहरुको नाम राखिनेछ।

ख) विभिन्न जातजाति र भाषाभाषिको मौलिक एवम् परम्परागत धर्म संस्कृतिको संरक्षण र विकास गर्न खोज अनुसन्धान गरिनेछ। भाषा र संस्कृतिको पर्यटन प्रवद्वनसँग जोडिनेछ।

ग) गाउँपालिकामा मगर भाषाको संरक्षण गर्न वडा नं १ बाट मगर भाषा सम्वन्धि तालिम सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ।

घ) परम्परादेखी लाग्दै आएका ठुला मेलाहरुको उचित व्यवस्थापनका लागी समुदायसंग सहकार्य गरिनेछ।

ङ) भाषा, कला, नृत्य नाट्यकला, लिपि र साँस्कृतिक अभ्यासलाई संथलीय सघनताका आधारमा सामुहीकरण गरी विकास र संरक्षणका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

च) माण्डवी गाउँपालिका वडा नं ४ धनचौरमा होमस्टे सञ्चालन गर्न सम्भाव्यता अध्ययन गरिनेछ।

छ) स्थानिय सिप कला शाहित्य संस्कृतिको सम्वर्धन र प्रवर्धन गर्न वडा स्तरमा मौलिक कार्यक्रम संचालन गरिनेछ। **एक पालिका एक डाउन टाउन** नीति कार्यान्वयन गर्ने गरिनेछ। परम्परादेखि चल्दै आएका र नयाँ पिडिमा हस्तान्तरण हुन गारो भएका **सराय नाच र मारुनी नाचको डकुमेन्ट्री** बनाईने छ।

ज) लोपोन्मुक गीत संगीतको संरक्षण र प्रवर्द्धन गर्ने नीति लिईनेछ।

झ) कला तथा संस्कृतिको जगर्ने गर्न सांस्कृतिक मेला पर्वहरुलाई योजना व्यवस्थित गरी संचालन गरिनेछ।

**जनसंख्या र बसाइँसराइ**

क) वसाईसराई व्यवस्थापन गर्न वडा तहको आवश्यकता अनुसार जनशक्ति नक्साङ्कन गरी शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधार निर्माणको समानुपातिक विकासमा जोड दिदै रोजगारी र अन्य अवसरको सृजना गरिनेछ।

ख) जनसाङ्यिकी लाभांश उच्चतम प्राप्तिका लागि युवाहरुलाई प्राविधिक तथा जीवनउपयोगी शिक्षामा लगानी वृद्धि गरिनेछ।

ग) रोजगारी सृजनाका लागि विकास साझेदार गैरसरकारी संस्था, निजी क्षेत्र सहकारी तथा सामुदायिक संस्था संग साझेदारी र सहकार्यलाई प्रोत्साहन गरिनेछ।

घ) जनसंख्या र वसाईसराईका विविध क्षेत्रमा हुने अध्ययन र अनुसंधानबाट प्राप्त निष्कर्ष गाउँपालिकाको नीति निर्माण एवम् योजना तर्जुमा उपयोग गरिनेछ।

**पुर्वाधार विकास क्षेत्रः**

**१. यातयात पूर्वाधार**

क) योजनाको दीर्घकालिन उपयोगका लागि निर्माण भईसकेका यातयात पूर्वाधारहरुको संरक्षण विस्तार तथा मर्मतको लागि आवश्यक व्यवस्था गरिनेछ।

ख) गाउँपालिकाको सडक गुरु योजना तयार गरी माण्डवी गाउँपालिकाका सडकहरुलाइ वर्गिकरण गरिनेछ माण्डवी गाउँपालिका देखि वडा कार्यालय जोड्ने सडकहरु बाह्रै महिना संचालनमा

ल्याउने गरी स्तर उन्नती गरिनेछ। गाउँपालिकाका सम्पुर्ण वस्तिलाई यसै वर्ष सडक संजालबाट जोडि गाउँपालिकाका प्रत्येक बस्ति सडकको पहुँचमा पुऱ्याइनेछ।

ग) पर्यटकीय पदमार्ग विकास तथा व्यवस्थापन गुरुयोजना तयार स्थानीय जनसमुदायको व्यापक सहभागितामा स्तरोन्नती निर्माण तथा व्यवस्थापन कार्यलाई क्रमागत रुपमा वढाईनेछ।

घ) चालु आर्थिक वर्षमा पुरा गर्न नसकिएका सडक पूर्वाधार योजनाहरुलाई आगामी आर्थिक वर्षमा निरन्तरता दिई पुरा गरिनेछ।

ङ) स्थानीयस्तरका भौतिक विकास आयोजना र परियोजनाहरु जस्तै स्थानीय सडक,ग्रामीण सडक, कृषि, सिचाई, खानेपानी, साना जलविद्युत आयोजना,बैकल्पिक उर्जा लगायतका पूर्वाधारहरु रोजगारी,उत्पादन र सामाजिक न्यायसँग जोड्दै लगिनेछ।

च) गाउँपालिकामा एक वडा एक नमुना चौपारी निर्माण गरिनेछ।

**२. सिचाँई, उर्जा र खानेपानी**

क) सार्वजनीक जग्गा,कुलो बाटो,डुवा लगायतको संरक्षणमा ध्यान दिइनेछ।

ख) विपदबाट क्षती ग्रस्त भएका सिँचाई कुलोहरुको निर्माणका लागि गाउँपालिका, प्रदेश सरकार र संघीय सरकारको समन्वय तथा सहकार्यमा निर्माण गर्दै लगिनेछ ।

ग) गाउँपालिका भित्र खानेपानीको आपुर्ति भएको खानेपानीको शुद्धता परीक्षण गरी शुद्ध खानेपानी आपुर्तिको लागि शुद्धीकरण प्रविधि प्रयोग गरिनेछ।

घ) माण्डवी गाउँपालिका भरीका सिचाँई कुलोहरुको डिपिआर तयार गरी सम्वन्धित निकायमा वजेट माग गर्न पहल गरिनेछ।

ङ) गाउँपालिकाका कृषियोग्य भुमीलाई सिंचित गर्नका लागि माडीखोला,झिम्रुक खोला तथा अरंगखोलाबाट समेत लिफ्ट सिचाइलाई प्राथमिकतामा राखि सिचाई कार्य अगाढि बढाइनेछ। लिफ्ट सिचाइ आयोजनाहरुको न्युनतम विद्युत महशुलमा कृषकहरुलाई गाउँपालिकाले अनुदान दिने नीतिलाई निरन्तरता दिईनेछ। कृषि क्षेत्रको प्रमुख पुर्वाधार सिचाई कुलो निमार्ण लाइ महत्व दिइनेछ, निर्मित सिचाइ कुलोहरुको मर्मत सम्भार गरी कृषी उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न जोड दिईनेछ।

**३. आवास तथा वस्ती विकास**

क) गाउँपालिका क्रमश सहरीकरण हुदै गएको परिपेक्षमा नयाँ बन्ने घरहरु सुरक्षित र भुकम्प प्रतिरोधी बनाउने कुरालाई मध्यनजर गर्दे गाउँपालिका भित्र बन्ने पक्कि भवनहरुले अनिवार्य नक्सा पास गर्नु पर्ने प्रावधानलाई कडाईका साथ लागु गर्दै भवन आचार संहिता कार्यन्वयनमा ल्याइनेछ ।

ख) भुगर्भ विज्ञहरुवाट अध्ययन गराई सुरक्षित वस्ति निमार्णको क्षेत्र, बजार निमार्णको क्षेत्र र उत्पादन मुलक क्षेत्र निधारण गरि योजना वद्ध ढङ्गले वस्ती विकासको गरिनेछ।

ग) सार्वजनिक जग्गालाई अतिक्रमण गरी अनाधिकृत रुपमा वसोवास तथा प्रयोग गर्ने कार्यलाई नियन्त्रण गर्न सार्वजनिक जग्गाको संरक्षण तथा उपयोग सम्वन्धी कार्यविधि वनाई कडाईका साथ लागु गरिनेछ।

घ) भूउपयोग नीति तथा वस्ती विकास योजना तर्जुमा गरी क्रमशः कार्यन्वयनमा लगिनेछ।

ङ) गाउँपालिका व्याक्हो लोडरलाई तयारी अवस्थामा राखी, गाउँपालिकाका कुनै पनि सडक लामो समय सम्म अवरोध नहुने गरी व्यबस्था मिलाइने छ, सडक मर्मत सम्भारका लागि प्रयाप्त वजेटको सुनिश्चितता गरिनेछ।

च) गाउँपालिकाको विकासलाई दिगो विकासको रुपमा विकास गर्न यहाँ बन्ने भौतिक तथा पुर्वाधार विकासमा स्थानिय जनताको अनिबार्य सहभागिता गराइनेछ। जसले गर्दा विकासमा अपनत्व तथा स्वामित्व वृद्धि भई विकास दिगो विकासमा रुपान्तरण हुनेछ।

छ) प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी ढंगले संचालन गरिनेछ, बेरोजगार व्यक्तिहरुको छनौट गर्दा कम आय भएका ,कुनै रोजगारी नभएका व्यक्तिहरुलाई प्राथमिकतामा राखिनेछ।

ज) माण्डवी गाउँपालिकामा घरेलु, लघु तथा साना उद्योग संचालन गर्नका लागि त्यसको संभाव्यता अध्ययन गरिनेछ । गाउँपालिकामा उद्योग संचालनका लागि अनुमति प्राप्त गरेका उद्योगहरुले कार्यसञ्चालन गर्दा प्रत्यक्ष प्रभावित जनतालाई रोजगारी लगायतका सेवाको सुनिश्चितता गर्ने, वाताबरण संरक्षणमा जोड दिने गरि कार्य गर्न गाउँपालिकाले समन्वय गर्नेछ। उद्योग संचालनका लागि आवश्यक पर्ने पुर्वाधारहरुको विकासमा स्थानीय जनता र उद्योगीहरु विचमा समन्वयात्मक भुमिका गाउँपालिकाले गर्नेछ।

झ) उद्योग बाणिज्य संघको सहकार्यमा सिप विकास तालिम सञ्चालन गरिनेछ । युवा उद्यमी प्रोत्साहनको लागि उत्कृष्ठ उद्यमीलाई सम्मान गरिनेछ।

ञ) स्थानीय संचारकर्मीहरुको क्षमता अभिवृद्धिका लागि विशेष कार्यक्रमहरु संचालन गरिनेछ । गाउँपालिकाबाट सञ्चालन गरिने सार्वजनिक सुनुवाई, तेस्रो पक्षबाट मुल्याङ्कन, सामाजिक

परीक्षण जस्ता कार्यक्रमहरु गर्दा  पत्रकार, सञ्चार माध्यम तथा अन्य संस्थाहरुसंग सहकार्य गरि सञ्चालन गरिनेछ।

ट) विउँ पुँजी ५० लाख राखी रोजगारी सृजना गर्ने गरी स्थापना भएका उद्योगलाई पूर्वाधार विकास तथा थप प्रोत्साहन गर्न कार्यविधि वनाई अनुदानको व्यवस्था गरिनेछ।

**४. वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रः**

- स्थानीय तहका शहरी क्षेत्र र वस्ती विस्तार गर्दा विपद लगायतका जोखिमहरुको आँकलन गरि वातावरण मैत्री,जलवायु जोखिम संवेदनशिल र स्थानीय मौलिकता र संस्कृतिलाई ध्यानमा राखेर Risk Sensitive Spatial Plan बनाई गरिनेछ।
- स्थानिय सरकारले आफ्नो वनलाई उत्पादन शिल बनाउने कुरामा ध्यान केन्द्रित गरिनेछ। काठ जन्य उद्योग जडिबुटि प्रशोधन, कृषि वनको प्रवर्धन गरिनेछ। स्थानिय जलस्रोत र वनलाई पर्यटन संग जोडी पालिका भित्र स्थानीय कच्चा प्रदार्थवाट वनेका सामान प्रयोग गर्न तथा स्थानिय कच्चा प्रदार्थमा आधारित साना तथा घरेलु उद्योग सञ्चालनको नीति लिईनेछ।
- सामुदायिक बन उपभोक्ता समितिका पदाधिकारीहरु परिचालन गरी खडेरीको समयमा स्याउला र सुकेको पात पतिङ्गरहरु प्रयोग गरी कम्पोष्ट मल बनाउन प्रयोग गरिनेछ । जसले गर्दा मल तयार हुने र  वनमा डढेलो नियन्त्रणमा सहयोग पुग्ने अपेक्षा लिएको छु।
- सामुदायिक वनमा उद्यम प्रर्वद्धन गरी आय आर्जन गर्ने नीति लिइनेछ। सामुदायिक वनहरु सँगको सहकार्यमा वनको संरक्षण गर्ने नीति अवलम्बन गर्ने र वन डडेलोका कारण पर्यावरणमा परेको असरका सम्बन्धमा जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ । अनियन्त्रित रुपमा वन डडेलो लगाउने व्यक्तिको खोजि गरि दण्डित गरिनेछ ,सामुदायिक बनहरुमा रुखहरुलाई कुरुप वनाई खोटो निकाल्ने कार्यलाई निरुत्साहित गरिनेछ र अनाधिकृत रुपमा भइरहेको खोटो निकासी कार्यलाई व्यबस्थित गरिनेछ। वन वातावरणबाट प्रभावित नहुने गरी सामुदायिक वन सँग साझेदारी गरी स्थानीय वासिन्दाको आयआर्जनको वढोत्तरी गर्न मालागिरी, तेजपत्ता, टिमुर जस्ता वन्य जडिवुटी सामुदायिक वन संगको साझेदारीमा संकलन तथा भण्डारको व्यवस्थापन मिलाईनेछ।
- विपद् व्यवस्थापनका लागि  विपद् सम्भाब्य क्षेत्रहरुको पहिचान गरि गुरुयोजना निमार्ण गरी विपदमा तत्काल क गर्ने भन्ने सम्वन्धमा मध्यकालिन र दीर्घकालिन योजना निमार्ण गरिनेछ। सकेसम्म विपद

व्यवस्थापनमा स्थानीय ज्ञान सिप र प्रविधिको प्रयोग गर्न प्रयोग गरिनेछ। विपद् व्यवस्थापनमा प्रदेश र केन्द्र सरकार संग समन्वय गरिनेछ।

- गाउँपालिकाले निर्माण गरेको विपत पुर्वकार्य, प्रतिकार्य र पुर्नलाभ योजनाअनुसार विपद व्ययवस्थापन कार्यलाई व्यवस्थित वनाईनेछ । विपद् जोखिम क्षेत्रको पहिचान र नक्सांकनका आधारमा विपद्हरुको रोकथाम तथा न्युनिकरणको लागि पूर्वतयारी ,प्रतिकार्य र पुनर्लाभका कार्यक्रम सञ्चालन गरिनेछ।
- विपद प्रभावित माण्डवी गाउँपालिका वडा नं १, २ र ४ घरवार विहिन नागरिकलाई विपद व्यवस्थापन कोषबाट रकम खर्च हुने गरी राहत प्रदान गरिनेछ।
- स्थानीय विपद् व्यबस्थापन कोषमा आवश्यक बजेटको सुनिश्चितता गरिनेछ।
- विकासका कार्य अघि बढाउँदा वातावरणीय विनास नहुने सुनिश्चित गरिनेछ र विपद व्यवस्थापनको लागि पुर्वतयारीका लागि योजना बनेको योजनालाई अद्यावधिक गर्दै लगिनेछ। प्राविधिक लगायत आवश्यक अध्ययन विना डोजरको प्रयोग गरिनेछैन।
- वाताबरण संरक्षणमा टोल विकाश संस्था,नागरिक तथा निजि क्षेत्र र गैर सरकारी संस्थाहरुलाइ परिचालन गर्ने नीति गाउँपालिकाले लिनेछ। सार्वजनिक तथा प्रति जग्गा र भुक्षय भएका स्थानहरु– स्थानीय जनता तथा उपभोक्ता समितिका पदाधिकारी समेतको सहकार्यमा वृक्षारोपण गर्ने तथा सोको संरक्षण गर्ने नीति लिइनेछ। हरित पार्क निर्माणको लागि संघ र प्रदेश सरकारसंग समन्वय गरी कार्य अगाडी वढाईनेछ।
- संभावित जोखिम् स्थानहरुको भौगर्भिक अध्ययन मार्फत पहिचान र नक्सांकन गरिनेछ। वाढी तथा पहिरोको जोखिम् कम गर्नको लागि विभिन्न निकायहरुसंग लागत साझेदारी गरि पूर्वसूचना प्रणालीको स्थापना र विकास गरिनेछ।
- स्थानीय तहमा गरिएको भौगर्भिक अध्ययन प्रतिवेदनको आधारमा वर्ग २ मा रहेको वस्तीहरुमा अल्पिकरणको कामहरु गरिनेछ। सोको स्रोत व्यवस्थापनको लागि जिल्ला, प्रदेश र संघीय सरकार समक्ष आवश्यक समन्वय र पहल गरिनेछ। अल्पीकरण योजना सञ्चालन गर्दा वातावारणमैत्री, प्रकृतीमैत्री र परम्परागत रैथाने ज्ञानलाई प्राथमिकता दिइनेछ।

माण्डवी गाउँपालिका

- विपद्मा पहिलो पङ्क्तिमा रहेर काम गर्ने भनेको समुदायका घरधुरीहरुनै हुन् । समुदायलाई विपद् व्यवस्थापन प्रति थप जिम्मेवार, सक्षम र सवल वनाउनको लागि स्थानीय स्तरमा आधारभूत खोज उद्धार र प्राथमिक उपचार सम्वन्धी पुर्नताजगी तालिम सञ्चालन गनिनेछ । तालिम पश्चात खोज उद्धार र प्राथमिक उपचारको लागि आवश्यक पर्ने सामाग्रीहरुको व्यवस्था गरिनेछ ।
- विपद् वाट प्रभावित परिवारको पुननिर्माण र पुर्नस्थापनाको कार्यलाई निरन्तरता दिइनेछ । उक्त कार्यको लागि स्थानीय तहले व्यहोर्नु पर्ने लागत साझेदारिको लागि आवश्यक स्रोतको व्यवस्था गरिनेछ।
- ग्रामीण सडक निर्माण निर्देशिका बमोजिम सडक निर्माण र उन्नतिको काम गरिनेछ । सडक आसपास पहिरो जान नदिन आवश्यकता अनुसार भारवहन पर्खाल, बायो–इन्जिनियरिङ्ग तथा पानी निकासको अनिवार्य व्यवस्था गरेर मात्र कार्यपालिकाले सडक आयोजना स्वीकृत गर्ने, सोहि अनुसार बजेट विनियोजन गर्ने र सबै ग्रामीण सडकमा सोको कार्यान्वयन सुनिश्चित गरिनेछ । साथै सडक आसपास बग्ने पानीको निकास, पहिरो तथा भिरालो जमिन स्थिरीकरण गर्न बायो–इन्जिनियरिङ्ग तथा अन्य वातावारणमैत्री, प्रकृतीमैत्री प्रविधिको व्यापक उपयोग तथा प्रर्वद्धन गरिनेछ ।
- विपद् पूर्वतयारी तथा प्रतिकार्यमा आधारित भै प्रक्रियागत र वास्तविक घटनलाई आधार बनाई नमूना अभ्यास क्रियाकलाप सञ्चालन गरिनेछ । विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि सामुदायिक स्वयंसेवक कार्यदल गठन गरिने छ । उक्त कार्यदललाई तालिमको व्यवस्था गरिनेछ ।
- अति उच्च जोखिममा रहेका वस्तीहरुको पुननिर्माण तथा पुर्नस्थापनाका लागि स्थानीय सरकारले व्यहोर्नुपर्ने लागत रकम विनियोजन गरिनेछ । पहिरो जोखिम (वर्ग २) बस्तिको प्राथमिकता तथा प्राविधिक सम्भाव्यताका आधारमा पहिरो जोखिम न्यूनीकरण गर्न विज्ञहरु संलग्न गराई प्राविधिक अध्ययन गर्ने र विस्तृत प्राविधिक प्रतिबेदन तयार गरिनेछ । गाउँपालिकाको आफ्नो स्रोतको उपलब्धताका आधारमा विस्तृत प्राविधिक प्रतिबेदन कार्यान्वयन गर्नेछ । स्रोत अपुग भई विस्तृत प्राविधिक प्रतिबेदन कार्यान्वय गर्न समस्या हुने भएमा उक्त विस्तृत प्राविधिक प्रतिबेदनका आधारमा प्रदेश तथा संघमा रकम प्राप्त गर्न समन्वय गरिनेछ ।
- मनसुनजन्य विपद् पुर्वतयारीका लागि जल तथा मौसम विज्ञान विभाग सँगको समन्वयमा स्वचालित जल मापन र खोलामा पानिको सतह मापन गर्ने यन्त्र जडान गरिने छ । यसका साथै स्थानीय

भूपरिवेश अनुसारको विपद् पूर्व सुचना प्रणाली जडानका लागि सम्बन्धित मन्त्रालय र निकायहरुसँग समन्वय गरिनेछ।

- विपद् पोर्टललाई पुर्णता दिई विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापनको कार्यलाई चुस्त दुरुस्त राख्न सुचना संकलन र अद्यावधीकलाई प्राथमिकताको साथ अघि बढाइने छ। र यसका लागि आवश्यक बजेट विनियोजन गरिनेछ।
- जोखिमको सम्मुखमा रहेका वस्तीलाई अस्थायी स्थानान्तरणका लागि पहिचान भएका खुला तथा सुरक्षित स्थानमा अति आवश्यक पूर्वाधारहरुको सुनिश्चितता सहित अत्यावश्यक बस्तुहरुको भण्डारण गरिनेछ। विपद्को समयमा प्रयोग गर्न सकिने गरी आकस्मिक आश्रयस्थलको निर्माणका लागि बजेट बिनियोजन गरिनेछ। विपद्को समयमा प्रयोग गर्न सकिने विद्यालय, सामुदायिक भवन तथा अन्य सार्वजनिक भवनहरुको पहिचान गरी आवश्यक बन्दोबस्ती गरिनेछ।
- पूर्वाधार विकासको योजना तर्जुमा तथा निर्माण कार्य गर्दा जोखिम न्यूनीकरणको पक्षलाई एकिकृत आवस्यक गरिनेछ। जस्तै कच्ची सडक आसपासको भिरपाखोमा अम्रिसो, बाँस, सिट्ठो र भूजेत्रो रोपण गर्ने। आगलागिको जोखिममा रहेका समुदायमा पानी सञ्चय गर्न पोखरी निर्माण गर्ने कार्यलाई प्राथमिकता साथ अघि बढाइने छ।
- भूउपयोग योजना तर्जुमा र कार्यान्वयन प्रक्रिया अगाडी बढाइनेछ। नापी विभागबाट प्राप्त नक्साहरु लाई स्थानीय तहको आवश्यकताको आधारमा अद्याबधिक गर्नका लागि आवश्यक बजेट विनियोजन गरिने छ।
- विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना पहिलो अद्याबधिक २०८२ को कार्यान्वयनका लागि आवस्यक बजेट विनियोजन गरिनेछ। प्रकोपको निगरानीका आधारमा पूर्वानुमान सूचना पाएपछि विपद्जन्य घटना घट्नु अगावै निश्चित समयावधिमा प्रभावकारीरूपमा विपद् पूर्वतयारी तथा अग्रीम प्रतिकार्य गरी सम्भावित प्रकोपबाट हुन सक्ने जनधनको क्षतिका साथै विपद् प्रभाव कम गर्न गाउँकार्यपालिकाले अनुमोदन गरेको विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना, पहिलो अद्याबधिक २०८२ लाई कार्यान्वयन गरिने छ।
- स्थानीय आपतकालिन कार्य सञ्चालन केन्द्रको स्थापना तथा सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ। जल तथा मौसम विज्ञान विभागबाट प्राप्त मौसम सम्बन्धी सूचनाहरु समयमानै समुदायमा प्रवाह गर्नका लागि आवश्यक संरचना निर्माण गरिनेछ।

- समुदायमा रहेका टोल विकास संस्थाको विपद व्यवस्थापनको क्षेत्रमा क्षमता विकासका लागि आवश्यक बजेट विनियोजन गरिनेछ। विपद्को समयमा परिचालन गर्नका लागि टोल विकास संस्था अन्तर्गत विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन टास्क फोर्स (कार्यदल ) गठन र क्षमता विकासको कार्यक्रम सञ्चालनका लागि बजेट विनियोजन गरिनेछ । विपद् सम्बन्धी सामुदायिक शिक्षा कार्यक्रमको व्यवस्था गरिनेछ।
- विपद् व्यवस्थापनका क्षेत्रमा भएका असल अभ्यासहरुको अध्ययन अवलोकन तथा सिकाई भ्रमणको व्यवस्था गरिनेछ।
- विपद् व्यवस्थापनलाई अन्य विषयगत क्षेत्रका क्रियाकलापहरुमा मुलप्रवाहीकरण गरिनेछ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका क्रियाकलाप सञ्चालनका लागि समपुरक कोषको व्यवस्था गरिनेछ।
- विद्यमान सामाजिक सुरक्षाका कार्यक्रमहरुलाई विपद् उत्तरदायि बनाइने छ । सामाजिक सुरक्षा भत्ताको वितरण मनसुन अगावै गर्ने व्यवस्था गरिनेछ।
- गाउँपालिकले डिभिजन वन कार्यालयसंग फलफुल तथा अन्य विरुवा माग गरी गाउँपालिका अन्तर्गतका सामुदायिक वन, वाटो किनार तथा  सामुदायिक कार्यालयहरमा स्थानीय जनसमुदायहरुको सहभागितामा वृक्षारोपण कार्य गरिनेछ । **बाल उद्यानहरु खुला क्षेत्र तथा हरियाली क्षेत्रहरुको पहिचान र विकाश** गरिनेछ। सडक तथा अन्य पुर्वाधार निर्माण गर्दा विपद् जोखिम न्यूनिकरणका उपायहरु अवलम्बन गरी विकास र विपद् व्यवस्थापनलाई एकिकृत ढंगले अगाडी बढाइनेछ।
- वाताबरणमैत्री स्थानिय नीति तयार गरि वाताबरण संरक्षणमा सबै सरोकारवाला पक्षलाई संलग्न गराउने नीति लिइनेछ। वातावरण तथा सरसफाई कार्यक्रम संचालन गरी बातावरण तथा जलवायु परिवर्तनको बारेमा जनचेतना अभिवृद्धि गरिनेछ  । वाताबरणमा हुने प्रदुषणलाई न्युनीकरण गर्न वाताबरण संरक्षणका कार्यक्रम संचालनमा ल्याइनेछ।
- माण्डवी गाउँपालिका विपद् जोखिम प्रभावित क्षेत्र भएकाले गाउँपालिकाले वनाएका विपद् व्यबस्थापन ऐन,रणनीति तथा कार्ययोजनालाई कार्यान्वयनमा ल्याइ राहात ,उद्दार तथा पुनस्थापना कार्यलाई प्राथमिकता दिईनेछ। गाउँपालिकामा आपतकालिन कार्यसञ्चालनका लागि उद्दार राहात



माण्डवी गाउँपालिका

र पुनरस्थापनाका लागि आबश्यक सामाग्री व्यबस्था गरिएको छ । राहात, उद्दार र पुनस्थापनाका लागि पर्याप्त श्रोतको सुनिश्चितता गरिनेछ।

- सार्वजनिक स्थल तथा सडकको किनारामा जथाभावी रुपमा फोहोर फाल्ने कार्य र माण्डवी गाउँपालिकाको सिमाभित्र बग्ने माडीखोला झिम्रुक खोला र अरङ खोलामा अनियन्त्रित रुपमा फोहोरजन्य पदार्थहरुलाई विर्सजन गर्ने कार्यलाइ निरुत्साहित गरिनेछ।

**४. सुशासन तथा संस्थागत विकास क्षेत्रः**

- गाउँपालिकाबाट प्रवाह हुने सार्वजनिक सेवा प्रवाहलाई सरलीकृत प्रक्रिया, नवीनतम प्रविधिको प्रयोग, घरदैलो सेवा र तत्काल गुनासो सुनुवाईको माध्यमबाट अझ बढी द्रुत बनाईनेछ । जेष्ठ नागरिक तथा अन्य लक्षित समूह केन्द्रीत सामजिक सुरक्षा भत्ता घर घरमा वितरण गरिने व्यवस्था मिलाईनेछ ।
- स्थानीय तहबाट संचालन हुने हरेक कार्यक्रमहरुको आकार, स्वरुप, प्रगतीको अवस्था,उपलब्ध,परिमाण र प्रभावको मूल्याङकन गर्न Project Tracking सफ्टवेयर, इन्फोग्राफिक्स् र ड्यास बोर्डहरु निर्माण गरी त्यसलाई सबै स्थानीय जनताहरुले हेर्नसक्ने बनाईनेछ।
- गाउँपालिकाको वैठक, कार्यक्रमहरु सुव्यवस्थित र मर्यादित रुपमा सञ्चालन गर्ने ब्यवस्था मिलाइने छ।
- स्थानीय तहमा संकलन गरिने तथ्यांकहरुमा दोहोरोपन हटाई व्यवस्थित तबरले तथ्यांक संकलन र व्यवस्थापन गरिनेछ। संकलित तथ्यांकहरुको विश्लेषण गरी स्थानीय तहले गर्ने हरेका निर्णय,नीति निर्माण,पुर्वाधारहरु निर्माणलाई तथ्यमा आधारित बनाईनेछ।
- वजारमा हुने अनैतिक क्रियाकलापलाई नियन्त्रण गर्नका लागि प्रहरी प्रशासन नागरिक समाजसंग सहकार्य गर्ने नीति अवलम्वन गरिनेछ।
- स्थानीय तहमा संचालन गरिने आर्थिक विकासका परियोजनाका साथै शिक्षा,स्वास्थ्य,विपद व्यवस्थापन, रोजगार सम्बन्धी कार्यक्रम र भौतिक पुर्वाधार निर्माणका आयोजनाहरुको डिजाइन,कार्यन्वयन,अनुगमन र मुल्यांकनका कार्यहरु डिजिटल प्रोफाइल र आधार नक्सा बनाएर संचालन गरिनेछ।

- स्थानीय तहबाट हुने विभिन्न कार्यहरु ऐन, नीति, नियम निर्माणमा अन्य स्थानीय तहहरुको समन्वय गरी विज्ञहरुको सहयोग लिई न्युनतम लगानीमा बृहत लक्ष्य र प्रतिफल हासिल गर्ने हिसाबले एकिकृत लगानी गरिनेछ।
- सुशासन कायम गर्न तथा सार्वजनिक सेवाको प्रभावकारी प्रवाह र श्रोत साधनको समतामूलक बाँडफाडँका लागि हामी नमुना मानक डिजिटल गभरनेन्स को अभ्यास गरिनेछ।
- जनताको काम छिटो छरितो ढंगले सम्पन्न गराउन तथा सेवा प्रवाहलाई गुनासो रहित वनाउन कर्मचारी तोकिनेछ । **जनतासंग स्थानीय सरकार कार्यक्रम सञ्चालन गरिनेछ** । विशेष डेक्सको व्यवस्था गरि उजुरी लिने र कारवाहीको प्रक्रिया अगाडी वढाईनेछ।
- गाउँपालिका र अन्तर्गतका वडा कार्यालयहरुबाट हुने सेवाप्रबाहलाई सूचना प्रविधिमैत्री वनाइनेछ। सेवा प्रबाहलाई विना झन्भट, छिटो छरितोका लागि टोकन प्रणाली,अनलाइन रजिष्टेशन,कम्प्युटर विलिङ्ग गर्ने कार्यलाई प्राथमिकताका साथ प्रयोगमा ल्याइनेछ। गाउँपालिका अन्तर्गत रहेका र आवश्यक पर्ने जिन्सी तथा अन्य सामग्रीहरु साधनहरु खरिद तथा विक्रि गर्ने प्रक्रियालाई सहज बनाईनेछ। गाउँपालिकाको नेतृत्वमा आवश्यक पैठारी वस्तुहरु जनतासँग साझेदारी गरी गा.पा.को श्रोत साधन र राजस्व वृद्धिका लागि आवश्यक पहल गरिनेछ। गाउँपालिकाको निर्माण तथा खरिद गरिने सम्पूर्ण योजना तथा कार्यक्रमको लागि सयममै खरिद योजना वनाई कार्यान्वयन गरिनेछ।
- गाउँपालिकाले अनावश्यक खर्चलाई कटौती गर्ने,प्रशासनिक खर्चलाई न्युन गर्ने र पुँजीगत खर्चलाई समयमै खर्च गर्ने गरि आन्तरिक नियन्त्रण प्रणालिलाई थप व्यबस्थित र मितव्ययी वनाउदै लैजाने नीति लिइनेछ। प्रत्येक चौमासिकमा सार्वजनिक सुनुवाई गरिनेछ ,सार्वजनिक परिक्षण र सामाजिक परिक्षण तेश्रो पक्षबाट गराई गाउँपालिकाको समग्र शुसासन र विकाश प्रक्रियाका बारेमा जनताको राय,चाहाना र समस्याका बारेमा धारणा बुझि स्थानिय सरकारलाई अझ बढि व्यबस्थित र जनमैत्री बनाउँदै लगिनेछ।
- गाउँपालिकाको कार्यालयमा नागरिक सहायता कक्षलाई ब्यवस्थित गरि नागरिकलाई सेवा छिटो छरितो चुस्त दुरुस्त र विना झन्झट सहज र सरल ढंगबाट प्राप्त गर्ने गरि कर्मचारीलाई परिचालन गरिनेछ। सेवा प्रबाहको मापदण्ड(SOP) वनाई लागु गरिनेछ।

- जनता सेवा लिन आउने होइन सेवा जनताको घरदैलोमा पुर्याउनु पर्दछ त्यसका लागि सेवाप्रबाहमा घुम्तीसेवाहरुलाई प्राथमिकता दिइनेछ। सेवाप्रवाह प्रति सेवाग्राहि सन्तुष्ट भए नभएको एकिन गर्नका लागि सेवाग्राही सन्तुष्टि सर्वेक्षण (Exit Pole) ,उपभोत्ता सर्भेको सुरुवात गरिनेछ। गाउँपालिकामा प्राप्त भएका गुनासोहरुलाई छिटो छरितो ढंगबाट सम्बोधन गरिनेछ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न नागरिकले पाइरहेको सास्ति र कष्टलाई मध्यनजर गर्दै बैंक सँगको समन्वयमा सामाजिक सुरक्षा भत्तालाई प्रत्येक वडामा वितरण गर्ने गरि व्यबस्था मिलाइनेछ। तोकिएको स्थानमा समेत भत्ता लिन आउन नसक्ने अशक्त तथा जेष्ठ नागरिकलाई घरमै भत्ता वितरणको व्यबस्था मिलाइनेछ।
- वित्तिय अनुसाशन कायम राख्न उपभोक्ता समितिलाई अति आवश्यक आयोजनाका लागि बाहेक पेश्की दिने प्रावधानलाई नियन्त्रण गरिनेछ। साथै समयमा योजना सम्झौता गरि जेठ मसान्त सम्म कार्य सम्पन्न गरी भुक्तानी लिने परिपाटीको विकास गरिनेछ।
- वडा स्तरिय तथा गाउँपालिका स्तरिय आयोजनाहरु जहाँ स्थानिय जनसहभागिता जुट्छ, स्थानिय श्रम, सिप र प्रविधिको प्रयोग हुन्छ, र स्थानीय रोजगारीको समेत सृजना हुन्छ त्यस्ता आयोजनाहरु अनिवार्य रुपमा उपभोक्ता समिति मार्फत गरिनेछ। उपभोक्ता समितिका पदाधिकारीहरुलाई नीतिगत, प्रशासनिक र आर्थिक विषयमा अभिमुखीकरण गरी भुत्तानी प्रक्रियामा पाइरहेको हैरानीलाई न्युन गरिनेछ। गुणस्तरीय काम गर्ने, लागत सहभागिता जुटाउने र समयमै कार्य सम्पन्न गर्ने आयोजनाको अनुगमन तथा मूल्यांकन गरि उत्कृष्ट कार्य गर्ने उपभोत्ता समितिलाई विशेष कार्यक्रम मार्फत पुरस्कृत गरिनेछ।
- स्थानीय श्रोत साधनरजनशक्ति परिचालन नहुने र मेशिनरी औजार प्रयोग गर्नुपर्ने योजनाहरु उपभोक्ता समितिबाट सञ्चालन गरिनेछैन।
- आफ्नो गाउँ आफै बनाउ भन्ने आदर्श बाक्यलाई आत्मसाथ गरी हप्ताको १ दिन २ घण्टा स्थानीयको सहभागितमा श्रमदान कार्यक्रम सञ्चालन गरिनेछ। श्रमदानलाई विद्यालयमा समेत लागु गर्ने व्यवस्था मिलाईन्छ।

- वडा स्तरिय आयोजनाहरुको लागत अनुमान, सम्झौता तथा कार्यादेश दिने कार्य वडा तहबाटै उपभोक्ता समितिका पदाधिकारीहरुलाई अभिमुखीकरण कार्यक्रममार्फत एकैपटक सञ्चालन गरिनेछ ।
- स्थानीय सरकारको रुपमा उत्कृष्ट कार्यसम्पादन गरेका अन्य स्थानीय सरकारहरुको कार्यशैली, व्यबहार र विकाशको मोडलका बारेमा जानकारी प्राप्त गर्न् अवलोकन अध्ययन भ्रमण कार्यलाई सुरु गरिनेछ ।
- गाउँपालिकासँग सिमाना जोडिएका पालिकाहरुसँग साझा विकास निर्माणका क्षेत्रहरुको पहिचान र विकासका निमित्त समन्वयात्मक बैठक बसि साझा सरोकारका विषयमा छलफल गरि आयोजना तथा कार्यक्रम छनौट गरिनेछ ।
- मेलमिलापको माध्यम बाट जनताहरुलाई छिटो छरितो तथा सर्वसुलभ रुपमा न्याय पाउने व्यवस्था मिलाईनेछ । सवै वडाहरुमा स्थापना गरिएका मेलमिलाप  केन्द्रहरुलाई प्रभावकारी बनाई वडा मेलमिलाप केन्द्रबाट नै सामान्य झै झगडा विषयलाई मेलमिलाप गराइने गरि मेलमिलापकर्तालाई परिचालन गरिनेछ । मेलमिलाप गर्ने कार्यलाई व्यवस्थित रुपमा सञ्चालन गर्न कानुनी सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनुका साथै आवश्यक जनशक्तिको विकास गरिनेछ ।
- सामाजिक न्याय ,लैंगिक समानता तथा सामाजिक समावेशीकरणमा योगदान पुर्याउने आयोजना ,आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने,उत्पादनमुलक तथा छिटो प्रतिफल दिने, राजस्व परिचालनमा योगदान पुर्याउने आयोजना तथा कार्यक्रमहरुलाई प्राथमिकतामा राखिनेछ ।
- निर्माण निर्माणाधिन भौतिक सांस्कृतिक ऐतिहासिक सम्पदाहरुको संरक्षण संम्वर्दधनमा स्थानीय जनसमुदायसंग सहकार्य र समन्वय गरी सम्वन्धित भुगोलका वासिन्दालाई जिम्मेवार वनाउने नीति लिईनेछ ।
- स्थानिय प्राकृतिक स्रोतसाधनबाट उठिरहेको न्युन राजश्वलाई बढाइनेछ । बाताबरणीय प्रभाव मुल्यांकन गरी निश्चित क्षेत्रबाट निश्चित परिणाममा मात्र ढुगां गिट्टी बालुवा उत्खनन गर्न दिइ प्राकृतिक स्रोतसाधनको अत्याधिक दोहनलाई नियन्त्रण गरिनेछ । यस क्षेत्रमा उठ्ने राजस्वलाई थप व्यवस्थित गरि राजस्व परिचालन तथा राजस्व चुहावट नियन्त्रणमा जोड दिइनेछ । गाउँपालिकाको आय वृद्धि

गर्न तथा राजस्वको परिचालन वृद्धि गर्न राजस्वका दरहरु न्युन गर्दै दायरा फराकिलो बनाइनेछ । करका दरलाई बाञ्चित  सीमा भित्र राखिनेछ । प्रगतिशिल करको माध्यमबाट धनी र गरिब बिचको खाडल कम गर्दै लगिनेछ । राजस्वका थप क्षेत्रहरु पहिचान गर्न  राजस्व सम्भाव्यता अध्ययन गरिनेछ । गैरकर राजस्व, सेवा शुल्क तथा दस्तुर संकलन गर्ने  कार्य वडा  स्तरबाटै कम्प्युटराइज्ड पद्धती बाट प्रविष्ट गर्ने व्यवस्था मिलाईनेछ । मेशिन प्रयोग गरी नदीजन्य पदार्थ उत्खनन कार्यमा अनुमतिको लागि जिल्ला विपद् व्यवस्थापन समितिबाट अनुमति माग गरी व्यवस्थित तवरले नदिजन्य पदार्थ संकलन गरिनेछ ।

- गाउँपालिकाले पहिचान गरेर प्राथमिकतामा राखेका आयोजनाहरु तथा क्रियाकलापहरु कार्यान्वयन तथा विपद् प्रतिकार्यमा जुट्न निजी क्षेत्र, स्थानिय तहमा कार्यरत गैरसरकारी संस्था ,सहकारी संस्था तथा स्थानीय सामुदायिक संस्थाहरु समेतलाई परिपुरक भुमिकामा परिचालन गरिनेछ,गैर सरकारी संस्थाहरुले बार्षिक रुपमा गर्ने कार्यहरुलाई गाउँपालिका कै वार्षिक वजेट तथा कार्यक्रममा समाबेश गरिनेछ ।

- सार्वजनिक प्रशासनलाई स्वच्छ,सक्षम,निस्पक्ष पारदर्शी भ्रष्टाचारमुक्त जनउत्तरदायी र सहभाागितामुलक बनाउँदै स्थानीय सरकारबाट प्राप्त हुने सेवा सुविधामा स्थानीय जनताको समान र सहज पहुँच सुनिश्चित गरि सुशासनको प्रत्याभुति गरिनेछ । उचित र वस्तुनिष्ठ मूल्याङ्कनको आधारमा कार्यको प्रकृति हेरी गाउँपालिका र अन्तर्गतका कर्मचारीलाइ प्रत्येक गाउँसभामा उत्कृष्ट कर्मचारी घोषणा गरी पुरस्कृत गरिनेछ । कर्मचारीको क्षमता बिकासका लागि तालिम संचालन र पर्यटन काज जस्ता गैह्र मौद्रिक उत्प्रेरणाणाका साधनको प्रयोग गरी कर्मचारीको मनोबल उच्च बनाइनेछ । परम्परागत कार्यशैली, असभ्य व्यबहार, सेवाग्राहीप्रति हेपाहा प्रवृत्ति, आफुलाइ शासक ठान्ने कर्मचारीलाई दण्ड–सजायको समेत ब्यवस्था मिलाईनेछ । सेवा प्रबाहलाई प्रभावकारी ,छिटो छरितो, चुस्त दुरुस्त वनाउनका लागि सेवा प्रवाहमा प्रत्यक्ष खटिने कर्मचारीहरुका लागि सहज कार्य वातावरण सिर्जना गरिनेछ । सेवा प्रवाहलाई प्रविधि मैत्री  बनाउदै  गुणस्तरीय र भ्रष्टाचार विरुद्ध शुन्य सहनशिलताको नीति अवलम्बन  गरिनेछ ।

- सूचनाको हक(Right to Information) नागरिकको मौलिक हक हो । सूचना माग्ने, पाउने र प्रबाह गर्ने प्रणालीको विकास गरि दिनमिल्ने सूचनालाई प्रक्रिया पुर्याई उपलब्ध गराइने तथा उपलब्ध गराउन नमिल्ने सूचनाको हकमा कारण समेत खोलि सुसुचित गरिने छ ।

- सेवा प्रवाहका सफ्टवयरहरुलाई एकिकृत वनाई एकै प्रणालीबाट सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ । गाउँपालिकाका सम्पूर्ण अभिलेखहरुलाई डिजिटाईज्न गरी गाउँपालिकाको कार्यालयमा सूचना तथा अभिलेख व्यवस्थापन केन्द्रको स्थापना गर्न पहल गरिनेछ । पालिकालाई क्रमश Paper Less governments बनाइने छ । सवै वडाहरुमा सिसिटीभी क्यामेरा जडान गरि पालिका केन्द्रबाट वडाहरुको नियमित अनुगमन गर्ने व्यबस्था मिलाइने छ । गाउँपलिका तथा वडा कार्यालयबाट हुने सिफारिसहरुलाई **Web Based or Online** प्रणालीबाट गरिनेछ । गाउँपालिकाको वस्तुगत विवरण डिजीटल प्रोफाईल निर्माण कार्य सम्पन्न भएको छ । यस प्रविधिलाई अद्यावधिक राखिनेछ । वजेट तथा योजना निर्माण गर्दा यसैलाई आधार वनाई निर्माण गरिनेछ ।
- सार्वजनिक सेवा प्रवाहलाई चुस्त र मितव्ययी बनाउन सेवा प्राप्त गर्दा हुने गरिकलेना, झन्झट हटाउने गत समय र गूणस्तरमा सुधार गर्नसेवाको ला सेवा प्रवाहमा टोकन र टाइम कार्ड प्रणाली लागु गरिनेछ ।
- सार्वजनीक सेवा प्रवाहालाई चुस्त र मितव्ययी बनाईनेछ । नागरिकले सेवा प्राप्त गर्दा हुने झञ्झट हटाउने सेवाको लागत समय र गुणस्तरमा सुधार गर्दै सेवा प्रवाहमा टोकन र टाइमकार्ड प्रणाली लागु गर्ने नीति लिईनेछ ।
- स्थानीय तह संस्थागत स्व मूल्याङ्कन (LISA) स्थानीय तह वित्तिय जोखिम मूल्याङ्कन (FRA) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI AUDIT) , स्थानीय आर्थिक विकासको मूल्याङ्कन (LED), गाउँपालिकाको कार्यसम्पादन मूल्याङ्कनमा उत्कृष्ठ नतिजा ल्याउने गरी प्रशासनिक संयन्त्र सक्रिय गराईनेछ ।
- दिगो विकासको लक्ष्य (सन् २०१६ २०३०-) लिएका लक्ष्य , उद्देश्यलाई स्थानीकरण गर्दै लगिनेछ ।
- यस गाउँपालिका सिमाना जोडिएको छिमेकी स्थानीय तहहरु संग कार्यक्रम तथा योजना निर्माण तथा कार्यान्वयन गर्दा आपसी सहयोगसहकार्य र सहअस्तित्वको मर्मलाई शिरोपर गरी साझेदारी ,मा कार्यक्रम सञ्चालन गरिनेछ ।

- संघीय र प्रदेश कानुनमा भएको व्यवस्था विपरित सरकारी तथा सार्वजनिक सडकजग्गा , संग समन्वय कै भौतिक संरचना सम्वन्धित निकायअतिक्रमण गरी वनाईएका घर टहर तथा जुनसु गरी यसै वर्ष हटाईनेछ ।
- गाउँपालिकाबाट तालिम प्रदान गरिएको र विभिन्न सिपमुलक तालिम प्रदान गर्न आवश्यक जनशक्तिहरुको अभिलेख तयारी गरी जनशक्ति वैङ्क तयार गरिनेछ ।
- गाउँपालिका भित्र अस्थायी तथा करार सेवामा रहेका कर्मचारी तथा अस्थायी तथा राहत शिक्षकलाई योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रममा आवद्ध गरिनेछ । यसका लागि रोजगारदाता र योगदानकर्ताबाट १०/१० प्रतिशत योगदान सहित छुट्टै प्याकेज बनाई कार्यान्वयन गरिनेछ ।

अन्त्यमा,

वार्षिक नीति तथा कार्यक्रम वनाउन मार्गदर्शन गर्नु भएकोमा गाउँ सभा सदस्यज्यूहरू, बजेट निर्माणका क्रममा सुझाव प्रदान गर्ने राजनीतिक दल, प्राज्ञ, अर्थविद्, राष्ट्रसेवक कर्मचारी, निजी क्षेत्र, सहकारी क्षेत्र, नागरिक समाज, आम सञ्चार जगत, करदाता, विकास साझेदार तथा आम माण्डवीवासी प्रति हार्दिक कृतज्ञता एवम् धन्यवाद ज्ञापन गर्दछु । विगतका वर्षमा गाउँपालिकाले लिएका दीर्घकालीन क्षेत्रगत नीतिहरुको प्रभावकारी रुपमा कार्यान्वयन हुन सकेमा माण्डवी गाउँपालिकाको भौतिक पूर्वाधार, आर्थिक, सामाजिक, साँस्कृतिक एवं मानवीय पक्षको विकासमा सकारात्मक प्रभाव पर्ने हुँदा यसको सफल कार्यान्वयनका लागि सम्वद्ध सबै सरोकारवाला पक्षहरुबाट सदा झैं निरन्तर सहयोगको अपेक्षा सहित प्रस्तुत नीति तथा कार्यक्रमको छलफलमा यस सभाबाट थप रचनात्मक सुझावहरुको अपेक्षा सहित हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

धन्यवाद !

**नम राज अधिकारी**
**अध्यक्ष**
**माण्डवी गाउँपालिका,जस्पुर, प्यूठान ।**
**मितिः २०८२/०३/१०**

माण्डवी गाउँपालिका